
# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ३, अङ्क १९, पूर्णाङ्क ११४ | २०७४ कात्तिक ८ गते बुधबार | Wednesday, 25 Oct. 2017 | www.eratokhabar.com | मूल्य रु. १०






प्रकाशित भयो

आफ्नो प्रति सुरक्षित गर्नुहोस्


# मेडिकल कलेज खोल्न प्रतिबन्धपछि माफिया क्रुद्ध

• निर्वाचित सरकारले विधेयक उल्ट्याउनेछ- राजेन्द्र पाण्डे, नेता, एमाले • सदनले पारित नगरे फेरि सत्याग्रहमा उत्रन्छु- डा. गोविन्द केसी

■ रातो खबर संवाददाता/काठमाडौं

डा. गोविन्द केसीको मागअनुसार सरकारले आगामी १० वर्षसम्म काठमाडौं, ललितपुर र भक्तपुरमा नयाँ मेडिकल कलेज खोल्न नपाउने, एउटा विश्वविद्यालयले देशभरिका ५ वटाभन्दा बढी कलेजलाई सम्बन्धन दिन नपाउनेलगायत प्रावधानसहित अध्यादेशबाट चिकित्सा शिक्षा विधेयक पारित गराउने प्रक्रिया अघि बढाएको छ।

यसअघि एमाले र माकेको असहमतिका कारण सदनबाट पारित हुन सकेको थिएन। डा. केसीले बागमती उपत्यकामा नयाँ चिकित्सा संस्था खोल्दा नयाँ चिकित्सक राजधानीबाहिर नजाने, विकास राजधानीमा केन्द्रित हुने बताएका छन् भने डा. केसीका विरोधी पक्षले उपत्यकामा कलेज नखोल्दा विद्यार्थी विदेश पलायन भै ठूलो धनराशि बाहिरिने बताएका छन्।

प्रस्तावित विधेयकअनुसार अब त्रिवि र केयूले थप मेडिकल कलेजलाई सम्बन्धन दिन पाउने छैनन्। नयाँ विधेयकमा सम्बन्धनपूर्व ३ वर्ष अस्पताल पूर्ण रूपमा सञ्चालन भएको र स्वास्थ्य मन्त्रालयको सिफारिस लिनुपर्ने भएको छ।




विवादको केन्द्रमा रहेको एमाले नेताहरुद्वारा सञ्चालित मनमोहन मेमोरियल इन्स्टिच्युट अफ हेल्थ साइन्सेज।

विश्वविद्यालयबाट सम्बन्धन लिँदा १० लाखदेखि १ करोडसम्म घूस खुवाउनुपर्ने हुन्छ। अब नयाँ मेडिकल कलेज खोल्दा स्वास्थ्य मन्त्रालयलाई त्यत्तिकै थप रकम बुझाउनुपर्ने भनी सरोकारवालाहरू त्रसित छन्। प्रस्तावित विधेयक पारित भएमा ७५ प्रतिशत छात्रवृत्ति दिनुपर्ने छ। माथेमा प्रतिवेदन र केसीको मागअनुसार ल्याउन लागिएको यो विधेयक अध्यादेशबाट पारित गरिए भाबी सरकारले उल्ट्याउने घोषणा एमाले-माके सांसदले गरेका छन्।

सोमबार मन्त्रिपरिषद्ले विधेयक पारित गरेको छ। विधेयक पारित भएको खबर सुन्नासाथ डा. गोविन्द केसीले खुसी व्यक्त गरेका छन्। स्वास्थ्य क्षेत्रका माफियाहरूले विधेयक उल्ट्याउने घोषणा गरिसकेका छन् भने केसीले त्यसो भएमा वा प्रयास गरिए सत्याग्रहमा उत्रने धम्की दिएका छन्।

**मन्त्रिपरिषद्द्वारा पारित विधेयक**

उक्त विधेयकले स्वास्थ्य माफियालाई निरुत्साहित गर्ने सर्वत्र अपेक्षा गरिएको छ। त्यसलाई आगामी संसद्बाटै उल्टाउने धम्की एमाले नेता तथा मनमोहन अस्पतालका मालिक राजेन्द्र पाण्डेलगायत मेडिकल माफियाले घोषणा गरिसकेका छन्। अर्कोतिर विधेयक पारित भैहालेमा कार्यान्वयन पक्ष कमजोर बनाउने चालबाजी हुनेछ। किनकि मेडिकल क्षेत्रमा एमाले र माकेका शीर्ष नेताहरूको वर्चस्व छ। उनीहरूले मेडिकल क्षेत्रलाई माफियातन्त्रको जालोद्वारा कब्जा गरेका छन्।

## बस्नेत र केसीविरुद्ध विद्रोही उम्मेदवार

■ रातो खबर संवाददाता





पहिलो चरणको प्रदेश र प्रतिनिधिसभाको चुनाव हुने ३२ जिल्लाको मनोनयनसँगै विद्रोही उम्मेदवार देखिएका छन्। विद्रोही तथा असन्तुष्ट उम्मेदवारका कारण अन्तरघात र पैसाको लेनदेन झनै बढ्ने देखिएको छ। जाजरकोटमा माके नेता शक्ति बस्नेतलाई एमाले-माके साझा उम्मेदवार बनाएपछि एमाले नेता गोविन्दबहादुर शाहले विद्रोही उम्मेदवारी दिएका छन्। त्यसको प्रतिक्रियास्वरूप प्रदेशसभाका दुवै सिटमा एमालेले विद्रोही उम्मेदवार उठाएको छ। केन्द्रमा माके र प्रदेशमा एमालेलाई छोड्ने गरी तालमेल गरिएको थियो। प्रदेशमा उम्मेदवार बन्न नपाएपछि एमाले नेता लालबहादुर केसीले भने मालेबाट उम्मेदवारी दिएका छन्। रामेछापमा प्रतिनिधिसभाका लागि एमाले-माके गठबन्धनका ... बाँकी पृष्ठ ७ मा


## हार्दिक आमन्त्रण

रातोखबर प्रकाशन गृहले यही कात्तिक १० गते शुक्रबार निम्न स्थान र समयमा 'राष्ट्रियता, जनतन्त्र र नेपाली प्रेस' विषयक विचारगोष्ठी आयोजना गरेकाले कार्यक्रममा उपस्थितिका लागि हार्दिक आमन्त्रण गर्दछौँ।

**कार्यक्रम**

**प्रमुख अतिथि** : खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड', प्रवक्ता, नेपाल कम्युनिस्ट पार्टी

**स्थान** : होटेल हार्दिक, बागबजार

**समय** : ठीक ११:०० बजे

**वक्ताहरु** : • युवराज घिमिरे, वरिष्ठ पत्रकार • हिरण्यलाल श्रेष्ठ, परराष्ट्र मामिलाविज्ञ • बोर्णबहादुर कार्की, निवर्तमान अध्यक्ष, प्रेस काउन्सिल • गोविन्द आचार्य, अध्यक्ष, नेपाल पत्रकार महासङ्घ • प्रभात चलाउने, अध्यक्ष, क्रान्तिकारी पत्रकार सङ्गठन, नेपाल


## नेकपाका कार्यकर्ता गिरफ्तार

चुनाव बहिष्कारको नारा लेख्दै गरेको अवस्थामा नेपाल कम्युनिस्ट पार्टी, दाङका ३ जना कार्यकर्ता मङ्गलबार गिरफ्तार भएका छन्। पक्राउ पर्नेहरूमा दाङ पार्टीका जिल्लास्तरीय नेता विकास ओली र प्रविन थारू छन्। त्यसैगरी इलाकास्तरीय नेता आरती पनि रहेको प्राप्त समाचारमा जनाइएको छ। उनीहरू तीनैजनालाई दङ्गीशरण गाउँपालिका होकुलीबाट पक्राउ गरिएको हो। उनीहरूलाई अपराह्न २ बजे पक्राउ गरिएको हो। त्यसैगरी सोमबार बिहान १० बजे रनपा, पिठुवा, चितवन निवासी लक्ष्मी न्यौपानेलाई चितवन प्रहरीले गिरफ्तार गरेको छ। टाँडी बजारबाट भरतपुर जाँदै गर्दा न्यौपानेलाई टिकौलीबाट पक्राउ गरिएको हो। न्यौपाने नेकपा, चितवनका जिल्ला सदस्य तथा रनपा इलाका इन्चार्ज हुन्।

## गोरखामा रोचक भिडन्त

■ रातोखबर संवाददाता





गोरखाको प्रतिनिधिसभामा 'वाम गठबन्धन' का तर्फबाट नारायणकाजी श्रेष्ठ र 'लोकतान्त्रिक गठबन्धन' का तर्फबाट पूर्वप्रम डा. बाबुराम भट्टराईले उम्मेदवारी दिएका छन्। नारायणकाजी श्रेष्ठको गोरखामा पुरानो आधार छैन। जनयुद्धको आधार गोरखाका स्थानीय माके कार्यकर्ताहरू नारायणकाजीलाई रुचाउँदैनन्। मतदानमा त्यसको प्रभाव पर्न सक्छ। उता डा. बाबुराम भट्टराई निर्वाचन क्षेत्रमा लोकप्रिय छन्। गोरखामा काङ्ग्रेसको राम्रो आधार पनि छ। तर कम्युनिस्ट पृष्ठभूमिका उम्मेदवारलाई काङ्ग्रेसका मतदाताले मत दिन्छन् कि दिँदैनन् भन्ने बहस पनि छ। भट्टराईलाई जसरी पनि जित्नु छ भने श्रेष्ठ अहिले नजितेप नि गृहजिल्लामा पकड बढ्ने भएकाले खुसी देखिन्छन्। सोमबार गोरखा बजारमा दुवै नेताले पत्रकार सम्मेलन गर्दै एकअर्कालाई घोचपेच सुरु गरेका छन्। श्रेष्ठले भट्टराईलाई अपवित्र गठबन्धन गरेको आरोप लगाएका ... बाँकी पृष्ठ ७ मा

## अक्टोबर क्रान्तिको शतवार्षिकी सुरु

■ रातो खबर संवाददाता




कात्तिक ८ गते अर्थात् अक्टोबर २५ तारिख महान् समाजवादी अक्टोबर क्रान्ति सम्पन्न भएको एक सय वर्षको उपलक्ष्यमा विश्वभरिका समाजवादी तथा प्रगतिशील शक्तिहरूले विभिन्न कार्यक्रमसहित मनाउने तयारी गरेका खबरहरू आएका छन्। युरोपका माओवादी क्रान्तिकारीहरूले स्पेनिस भाषामा विभिन्न वैचारिक सामग्रीसहित प्रकाशन-प्रसारण गरेका छन्। रुस, भारत, बङ्गलादेश, टर्की, फिलिपिन्स, नेपाललगायत स्थानमा विभिन्न देशहरूमा सभा, जुलुस, गोष्ठीसहित कार्यक्रमहरूगरिँदैछन्।नेपालमानेकपाले राजधानी काठमाडौंस्थित टुँडिखेलमा सभा र त्यसपूर्व सहरका विभिन्न स्थानमा जनप्रदर्शन गर्ने ... बाँकी पृष्ठ ७ मा

## ध्रुवीकृत नेपाली राजनीति

**देश/परिवेश**

■ भरत बम 'रणवीर'



नेपाली राजनीतिमा कथित स्थानीय चुनावको सम्पन्नता र समीक्षाको पृष्ठभूमिमा आगामी चुनावकेन्द्रित राजनीतिक ध्रुवीकरण भएको छ र हुँदैछ। नयाँ गठबन्धन बनेका छन्। यो गठबन्धन र ध्रुवीकरणले आगामी दिनमा देश र जनतालाई के देला र कस्तो परिणाम ल्याउला ? यसले क्रान्तिलाई कस्तो असर गर्ला र क्रान्तिकारीहरूले कस्तो रणनीति अपनाउनु पर्ला ? यी प्रश्नहरूबारे सबैको चासो स्वाभाविक छ। त्यसैले यी विषयमा सङ्क्षिप्त रूपमा चर्चा गर्न आवश्यक छ।

**१) गठबन्धन र ध्रुवीकृत राजनीतिका दुई पाटा**

अहिले चुनावकेन्द्रित राजनीतिक गठबन्धन र ध्रुवीकरण अगाडि बढिरहेको छ र यसले संविधान कार्यान्वयन सहज भई देशमा स्थायित्व, शान्ति र समृद्धि ल्याउने दाबी गरिएको छ। अवश्य पनि यो देश र जनताको आवश्यकता र माग पनि हो तर यो देश र जनताको आवश्यकता र माग कहिल्यै पूरा भएन र हुने पनि छैन किनभने अहिलेका राजनीतिक पार्टी र नेताहरू एकाएक कहीँबाट टप्केका नभई यही नेपाली समाज र राजनीतिका उपज हुन् र वास्तवमा यिनीहरू आजसम्म राष्ट्र र जनताका आवश्यकता र मागहरू पूरा गर्न असफल छन् किनकि यी नेताहरू सधैँ आफूलाई धुरीमा राखेर सोच्दछन्, पारिवारिक घेरा नै तोड्न सक्दैनन्, आफ्नो वैभवशाली जीवनको सपना बुन्दछन् र त्यसका लागि शक्ति र सत्तालाई प्राथमिकतामा राखेर चल्दछन्। त्यसैले यी नेताहरू सत्ताको कुर्सी र व्यक्तिगत स्वार्थका भोका, लोभी, पापी र भ्रष्ट हुन्छन् र यो आफ्नो उद्देश्य ससाना धेरै पार्टीमा विभक्त भएर अनि नौनौ महिनामा सरकार परिवर्तन गरेर भन्दा सीमित ठूला गठबन्धनमा सङ्गठित भएर पूरा ... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# दुर्गन्धित राजनीतिक खेल

हुनत संसद्वादीहरूले 'राजनीतिमा स्थायी दुस्मन र स्थायी मित्र हुँदैन' भन्ने दर्शन नै प्रतिपादित गरेका छन् । दलाल संसद्वादमा त नाफाघाटाको राजनीतिमा यसो हुने नै भयो । योजनाबद्धतामा षड्यन्त्रपूर्वक लादिएको राजनीतिक प्रतिक्रान्तिलाई नै परिवर्तन हो भनेर दलाल संसद्वादका गोटीहरू किसिमकिसिमका प्रभुहरूको इसारामा यो रात यता त ऊ रात उता गरिरहेका कलाविहीन नाटकका परिदृश्यहरू देखेर नेपाली जनता वाक्कदिक्क भइसकेका छन् । नेपाललाई दल बदलुवाहरूको देश भनेर कसैले भनिहाल्यो भने त्यो अत्युक्ति हुनेछैन । दलाल व्यवस्थाका गोटीहरू आज माके देखिन्छन् त रातभरमा नयाँ एमाले भइसकेका हुन्छन् । दलाल संसद्वादमा हँसियाहथौडा बोकिटोपलेका पुष्पकमल दाहालहरू रातारात कहिले काङ्ग्रेसको रूख चिह्नमा मत मागिरहेका घिनलाग्दा दृश्यहरू देखिन्छन् त कहिले एमालेको सूर्य चिह्न लिएर चुनावमा जान तयार भएका देखिन्छन् । चिह्नहरू आफैँमा केही होइनन्, उनीहरूको मस्तिष्कमा आएको खरनाक रोग मुख्य कुरा हो । यी दृश्यहरू अब नेपाली जनताका लागि सामान्य दैनिकीजस्तै भइसकेका छन् । आस्था, निष्ठा र मूल्यमान्यताको राजनीति सकिएर दलाल संसद्वादमा छिरिसकेपछि आजको माके भोलि काङ्ग्रेस र पर्सि एमाले बन्नु कुनै अनौठो विषय रहेन ।

विगत केही दिनयता अरू अनौठालाग्दा केही परिदृश्यहरू पनि देखिएका छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टीको नाम भँजाएर रातारात मालामाल हुने प्रलोभनमा पर्दाभित्र ठगी, चोरी, लूटपाट, अपहरण, रकम असुली, विदेश सयर र पार्टीले तथ्य पत्ता लगाएर अनुशासनको कारबाही सुरु गरेपछि रातारात संसद्वादी पार्टीहरूमा छिरेर मुख लुकाउने र बच्ने प्रयास गर्ने खेल आरम्भ भएको दृश्य पनि नेपाली जनताले देख्नुपऱ्यो । हिजो कुनै समय थियो, मार्क्सवाद लेनिनवाद भज्दै राजा र देउताको पाउमा लम्पसार पर्ने एउटा खतरनाक प्रवृत्ति थियो । राजनीतिमा त्यसलाई सिद्धान्तहीन एमाले भनेर चिनिन्थ्यो । पुष्पकमल दाहालहरू मलेमाबाट च्यूत हुँदै क्रमशः बाबुरामपथमा पतीत भएपछि माके नामको समूह बन्यो र दलमा गाईजात्रा देखाउँदै चार हजारको सङ्ख्यामा केन्द्रीय समिति नामको हुल्लडबाज, तस्कर र सुराकीहरूको ग्याङ भेला पाऱ्यो । पार्टीको नाउँमा अवैध धन्दाहरू सञ्चालन गर्ने र ओत लाग्न फेरि पार्टीकै झन्डाको दुरूपयोग गर्ने पेसा बनाएकाहरूको समूहजस्तै बनेको माकेले यतिबेला विभिन्न पार्टीमा कारबाहीमा परेकाहरूलाई भित्र्याउने अभियान सञ्चालन गरेर पार्टीलाई देखिने गरी फोहोर थुपार्ने कन्टेनरजस्तै बनाइसकेको छ । त्यसभित्रका बचेखुचेका इमानदार र क्रान्तिकारीहरूले यो कुरा कहिले बुझ्लान् र विद्रोह गर्लान् वा जनयुद्धकालभर जनताको युद्धलाई सामाजिक फासिवाद भनेर दुत्कार्ने र पार्टीलाई जनयुद्धबाट संसदीय खेलमा जाक्ने षड्यन्त्र गरेर त्यही पार्टीमा छिरी फेरि क्रान्तिकारीहरूमाथि शासन गर्ने नारायणकाजीहरूको दुर्गन्धित खेललाई स्वीकारेझैँ स्वीकारिरहने हुन्, त्यो बुझ्न भने अब धेरै समय कुर्नुपर्ने छैन ।

नेपालको संसदीय राजनीतिमा बाबुराम नाम गरेका एकजना उट्पट्याङ पात्र केही चटक देखाएजस्तो गरी कहिले मार्क्सवाद परित्याग गरेको घोषणा गर्दै गैरराजनीतिक र आफूजस्तै धुमिल तथा शङ्कास्पद छवि भएका पात्रहरू सोहोरेर नौटङ्की गर्दै हिँड्ने, कहिले आफूलाई केन्द्रमा राखेर कथित वाम गठबन्धनभित्र छिर्ने अनि कहिले काङ्ग्रेसको फेर समातेर चुनाव टिकट सुनिश्चित गर्ने धन्दामा लागेका पात्रहरू पनि देखिएका छन् । यो अरू बढी केही नभएर नेपालमा मरणोन्मुख हुँदै गएको दलाल संसदीय व्यवस्थाको अन्तिम छट्पटी हो भन्ने बुझ्न कुनै कठिनाइ पर्दैन । बाबुरामहरूका हर्कतहरू हेर्दा यिनलाई प्रयोग गर्ने मालिक र यिनको पछिपछि दगुर्ने पछुवाहरूको मनोदशा दैनिक कसरी थिग्रिरहेको होला, सामान्य मानिसलाई पनि बुझ्न कुनै कठिनाइ नहुने परिस्थिति आएको छ । यस्तो अस्थिर पात्र र प्रवृत्ति जनयुद्धकालभर जनताको नेता भएर कसरी बस्यो होला, यस्तो पात्रले देशको प्रधानमन्त्रीका नाममा कसरी दिन व्यतीत गऱ्यो होला, त्यो भने झनै रहस्यमय बन्दै गएको छ ।

यही अस्थिर र धुमिल राजनीतिकै बीचमा नेपाल कम्युनिस्ट पार्टीले महान् अक्टोबर क्रान्तिको शतवार्षिकी पारेर यही कात्तिक ८ अर्थात् अक्टोबर २५ तारिखका दिन काठमाडौँमा दसौँ हजार जनसमुदायका बीचमा क्रान्तिको शतवार्षिकी कार्यक्रम भव्य रूपमा मनाउँदैछ । झट्ट हेर्दा अक्टोबर क्रान्तिको शतवार्षिकी कार्यक्रम सामान्य लाग्न सक्छ तर विशिष्ट रूपमा गहिराइ, उचाइ र व्यापकताको हिसाबले यो दिवस यति भव्यतापूर्वक मनाउनुमा ठूलो अर्थ र महत्व छ । नेपालका दलाल संसद्वादका प्यादाहरूले दैनिक नौटङ्की गरेर जनतालाई सताइरहेको समयमा अक्टोबर क्रान्तिको शतवार्षिकी कार्यक्रमको भव्यता र सफलता एकीकृत जनक्रान्तिको 'फायर' खोल्ने एक ऐतिहासिक कोसेढुङ्गा साबित हुनेछ । नेपालका कम्युनिस्ट नामधारी शक्तिहरू धमाधम दलाल संसद्वादका प्यादा बन्दै प्रतिक्रान्तिका ठेकेदार बनेर क्रान्तिकारी आन्दोलनको रथको पाङ्ग्रा उल्टो दिशातिर घुमाइरहेको अवस्थामा दसौँ हजार जनताका बीच खुला रूपमा सशस्त्र सहरी विद्रोहको औचित्य साबित गर्न नेकपाका महासचिव कमरेड विप्लवको सम्बोधन ऐतिहासिक महत्वको साबित हुनेछ भन्नेमा कुनै द्विविधा छैन । यो दिवसले नेपालका क्रान्तिकारी कम्युनिस्टहरूलाई संसद्वादबाट मोहभङ्ग गराएर शक्तिशाली एकीकृत क्रान्तिको दिशातिर केन्द्रीकृत गर्न शक्तिशाली धक्काको काम गर्नेछ भन्ने विश्वास लिन सकिन्छ ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# तराईमा भारतविरोधी जनमतको अन्तर्य



अनिल शर्मा

*नेपालमा मैथिली र भोजपुरी भाषा मातृभाषा भएका लाखौँ जनता छन् । अहिले 'नेपालीय मैथिली र नेपालीय भोजपुरी' अलग चिनारीमा भाषिक आन्दोलन चलिरहेको छ । भारतको सरोकार भने हिन्दीमा छ । उसलाई नेपालमा मिथिला र भोजपुरा प्रदेश बन्यो भने भारतमा पनि भाषिक प्रदेशको माग उठ्ला भन्ने त्रास छ । त्यसैले मिथिला आन्दोलनका विपक्षमा छ भारत । मिथिला मागको सार्वजनिक कार्यक्रममा बम हानेको घटनामा धेरैले भारततिरै शङ्काको दृष्टिले हेरेका छन् ।*

नेपालका विरुद्ध भारतको पछिल्लो नाकाबन्दीपछि तराई-मधेसमा भारतविरोधी जनमत बढ्दै गएको सर्वत्र चर्चा हुन थालेको छ । त्यसअघि काठमाडौँसहित भित्री सहरमा देखिने गरेको मनोविज्ञान आजभोलि तराई-मधेसका सहर र बुद्धिजीवीमा देखापर्न थालेको छ । त्यसो हुनुका पछाडि वस्तुगत करण छन् । यो लेखमा ती विषयमा सङ्क्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

तराई-मधेस जति खाद्यान्न र व्यापार तथा उद्योगले वैभावशाली छ त्यहाँका श्रमिक जनता त्यत्तिकै गरिब र उत्पादनका साधनको मालिक बन्नबाट वञ्चित छन् । पहाड र हिमालमा गरिब धेरै छन् तर सुकुमबासी कम छन् । तराई-मधेसमा त गरिबभन्दा सुकुमबासी धेरै छन् जसको आफ्नो छानो छैन । तराई-मधेसको जमिनमा मूलतः तीनथरी ठालूहरुको नियन्त्रण हुँदै आएको छ । एक, सयौँ वर्षदेखि नेपालको जमिन तराई-मधेसको जमिनमा सीमावरपरका भारतीय सामन्तले जग्गा कब्जा गरेका छन् । २०३६/०३७ को जनमतसङ्ग्रहमा देशद्रोही महापञ्च सूर्यबहादुर थापाको सरकारले नागरिकता नभए पनि मतदान गर्न पाउने हक दिएको थियो । पञ्चायतलाई जिताउन लाखौँ भारतीयलाई मतदान गर्न ल्याइयो । त्यही मतदाता नामावलीलाई आधार मानेर २०४६ सालपछि नागरिकता प्रदान गरियो । आज तराई-मधेसको जग्गा कब्जा गरेर बसेका अधिकांश भारतीयले दोहोरो नागरिकता लिएर बसेका छन् । दुई, मधेसी मूलका नेपाली सामन्तहरुको हातमा पनि ठूलो परिमाणमा जमिन छ । त्यो समूह सधैँ भूमिसुधारको विपक्षमा उभिन्छ । उनीहरुको सरोकार भूमिसुधारसँग छैन । दिल्ली र काठमाडौँका शासकको चाकरी गर्नु, मन्त्री, सांसद, सचिव, राजदूत पड्काउनु र तराई-मधेसको गीत गाउनु उनीहरुको दिनचर्या हो । तेस्रो, २०१४ सालमा चितवनमा औलो उन्मूलन भयो । त्यस आसपासमा तराईका अधिकांश जिल्लामा औलो उन्मूलन भैसकेको थियो । त्यसपछि पहाडका गरिबगुरुवा पनि तराई झर्न थाले । त्यसअगाडि नै पहाडका सामन्तहरुले तराईको जग्गा कब्जा गरिसकेका थिए । नगेन्द्रप्रसाद रिजाल, सूर्यबहादुर थापा, गुणराज पाठक, केशरजङ्ग रायमाझी, रमेश लेखकजस्ता सामन्तहरुले तराई-मधेसको जग्गा कब्जा गरेका छन् । यी सामन्तहरु भारतपरस्त दलका नेता छन् जसलाई दिल्लीको सहयोग-समर्थन छ । यी सामन्तहरु नै तराई-मधेसका थारू, दलित, जोताहा, हरुवा, चरुवाका दुस्मन हुन् । जनताका दुस्मन नै दिल्लीका प्रियपात्र छन् ।

तराई-मधेसको उद्योग र व्यापारमा भारतीय वा नेपालको नक्कली नागरिकता लिएका (दोहोरो नागरिकता लिएका) भारतीय उद्यमी-व्यापारीको कब्जा छ । विराटनगर, वीरगन्जको व्यापार, सिमरा तथा विराटनगरका उद्योग धेरै छन् । अवस्था कस्तो छ भने बसभाडा खोज्न सक्ने श्रमिक हिउँदमा काम खोज्न पन्जाब जान्छन् । बस भाडासम्म नहुनेहरु चितवन, मकवानपुर, नवलपुर जान्छन् । त्यो स्तरको गरिबीमा यही सूदखोर वर्ग छ । जसले नेपालीभन्दा भारतीय श्रमिकलाई रोजगार दिन रुचाउँछ । किनकि उनीहरुलाई अझ बढी श्रमशोषण गर्न पाइन्छ । सामन्तले जमिन र दलाल पुँजीवादले श्रमशोषण गरेर बाँच्नै नसक्ने अवस्था पैदा गरेको छ ।



*पछिल्लो नाकाबन्दी र मधेस आन्दोलनमा दर्जनौँ मधेसी जनताको ज्यान गयो । विद्यालयहरु बन्द भए । पटकपटकको बन्द र हडतालका कारण हुनेखानेका बच्चाहरु काठमाडौँ र भारततिर पलायन हुँदा निजी विद्यालयहरु बन्द हुने अवस्थामा पुगे । असुरक्षाका कारण विराटनगरको बजार इटहरी र वीरगन्जको बजार सिमरातिर सर्दै गएको छ । गौर बजार चपुरतिर र जनकपुर बजार बर्दिबासतिर लस्कँदै छ । सिमानाका बजारहरु बन्दीपुरजस्ता हुँदैछन् । त्यो जनधनको क्षतिको उपलब्धि के ? भारतले त्यसलाई दलालहरुका लागि मन्त्री र भारतका लागि कोसीको पानीसँग साटिरहेको छ । यस्तो भएपछि तराई–मधेसमा भारतका विरुद्ध जनमत नबढेर अरू के हुन्छ त ?*

दिल्लीले तराई-मधेसको अधिकारको कुरा गर्छ त्यो उसको देखाउने दाँत मात्र हो । तराईका मुट्ठीभर सामन्तहरु र दलाल पुँजीपतिलाई देखाएर काठमाडौँको शासकसँग दिल्लीको स्वार्थ पूरा गर्नु, मोलमोलाइ गर्नु उसको रणनीति हो । उसले तराईका केही कुलीन नेता बोकेर दिल्लीको स्वार्थमा पटकपटक मधेसी-तराईवासी जनतालाई धोका र अपमान लादिरहेको छ । दलाल नेतृत्वका कारण तराईका जनताकै विपक्षमा नकारात्मक बिम्ब बन्न गएको छ । जसले सगर्व घोषणा गर्छ– मधेसी दलहरुको हार, दिल्लीकै हार हो । कहिले देश विखण्डन गर्ने घोषणा गर्छन् । मधेसी जनतालाई उत्पादनका साधनको मालिक बनाउनुपर्ने आधारभूत प्रश्नमा छलफल गर्दैनन् ।

भारतले नेपालका ७१ भन्दा बढी स्थानमा सीमा अतिक्रमण गरेको छ । सीमा क्षेत्रमा उच्च बाँध निर्माण गरेर, नदीको प्राकृतिक बहावलाई अवरुद्ध गरेर, कालापानी, सुस्ता जताततै अतिक्रमण गरेर व्यापक आक्रोश पैदा गरेको छ । नयाँ पुस्तामा सूचना र शिक्षाले पैदा गरेको चेतनाले संवेदना गहिरिँदै गएको छ । नेपालीको अपमान र कहरको एउटा कारण भारत र भारतपरस्त देशको शासक हो भन्ने चेतना बढ्दै गएको छ । भुटानका एकजना नागरिकले सामाजिक सञ्जालमा 'हामी भारतको इसारामा नितम्ब हल्लाएर बस्ने नागरिक होइनौँ' भनेझैँ तराईका नागरिकहरु दिल्लीको इसारामा नितम्ब हल्लाउन चाहन्नन् भन्ने चेतना दिल्लीका शासकमा पलाउन सकेको छैन । कञ्चनपुर र सुस्तामा भारतले लुटपाट र हत्या गरिरहेको छ । त्यसकारण तराई-मधेसमा भारतको विपक्षमा जनमत बढ्नुमा चीन र कम्युनिस्ट होइन, भारतकै हात छ । दिल्लीको रूढिवाद कारक छ ।

नेपालमा मैथिली र भोजपुरी भाषा मातृभाषा भएका लाखौँ जनता छन् । अहिले 'नेपालीय मैथिली र नेपालीय भोजपुरी' अलग चिनारीमा भाषिक आन्दोलन चलिरहेको छ । भारतको सरोकार भने हिन्दीमा छ । उसलाई नेपालमा मिथिला र भोजपुरा प्रदेश बन्यो भने भारतमा पनि भाषिक प्रदेशको माग उठ्ला भन्ने त्रास छ । त्यसैले मिथिला आन्दोलनका विपक्षमा छ भारत । मिथिला मागको सार्वजनिक कार्यक्रममा बम हानेको घटनामा धेरैले भारततिरै शङ्काको दृष्टिले हेरेका छन् ।

भारतले भन्सारमा नेपाली व्यापारी र मजदुरको लुटपाट गर्छ । एक खिल्ली चुरोटदेखि एउटा कसैली (सुपारी) हुँदै लाखौँ लुटिन्छन् । अनेक व्यवधान खडा गरेर नेपाली वस्तु निर्यातमा अवरोध गरिन्छ । क्वारेन्टाइन जाँचदेखि गुणस्तरको झन्झट र प्रश्नले नेपाली व्यापारीलाई हैरान पारिन्छ । हरेक दिन सीमामा नेपाली भूभागभित्र पसेर तस्कर समात्ने नाममा भारतले नेपाली बस्तीमा लुटपाट गर्छ । अस्मिता लुट्छ । यस्ता घटनाहरु थोरै मात्र सार्वजनिक हुन्छन् । जब नेपाली पक्षले प्रतिरोध गर्छन् अपराधी समात्ने नाममा नेपालभित्र हतियारसहित प्रवेश गर्छन् । त्यसकारण नेपालमा भारतको विपक्षमा जनमत बढिरहेको छ ।

कोसी उच्चबाँध, गण्डकबाँध, पञ्चेश्वर परियोजना, कर्णाली परियोजना, अरुण तेस्रो यत्रतत्र भारतको ज्यादती छ । नेपालका भ्रष्ट शासकलाई मुठीमा पारेर नेताको दोहन गर्ने उसको नियत नयाँ पुस्ताले नियालिरहेको छ । कोसी बाढी नियन्त्रण गर्न १० वर्षअघि स्थापित विराटनगरको भारतीय कार्यालय सरकारले फिर्ता लैजाऊ भन्दा पनि जाँदैन । यो फौजी हमलाभन्दा कम छैन । वीरगन्जको महावाणिज्य दूतावासले सुराकी, गुप्तचरी र अपराध संयोजनको भूमिका तीव्र पारेको, कूटनीतिक मर्यादामा नबसेको सत्तारूढ दलका नेताकै आरोप र गुनासो छ । भारत नेपालमा डाँका, अपराधी, असुरक्षा निर्यात र असभ्य समाजका रूपमा हेरिन थालिएको छ ।

मुस्लिम समुदायले धार्मिक विद्यालयका रूपमा मदरसा चलाउने गर्छन् । संसारभरि उनीहरु त्यसो गर्छन् । हिन्दु, क्रिस्चियन, बौद्ध सबै धर्मावलम्बीले त्यसो गर्छन् । भारतले नेपालको मदरसाप्रति नकारात्मक दृष्टिले हेर्छ । मदरसा बन्द गराउन नेपाल सरकारलाई दबाब दिन्छ । सीमा वारपारमा लामो दाह्री देख्नासाथ अपमानित हुनुपर्छ । नेपालको मुस्लिम समुदाय भारतीय भूमिकाका कारण त्रसित छ । त्यो समुदाय भारतप्रति नकारात्मक रहिआएको छ । त्यसको कारक दिल्लीको हिन्दु अहंकार हो ।

भारतले भुटानी नागरिक (नेपाली मूलका) आफ्नो भूमि हुँदै नेपाल पठायो जसलाई भारतले नै शरण दिनुपर्थ्यो । उल्टै उनीहरु स्वदेश फर्किन खोज्दा भुटान फर्किन बाटोसमेत दिएन । ती नागरिकलाई भारतले अमेरिकासँग गुप्त सहमति गरेर तस्रो देश अमेरिकामा नयाँ शरणार्थी बनाएर लग्न भूमिका निर्वाह गऱ्यो । अझै बाँकी शरणार्थीका कारण नेपालको आर्थिक, वातावरण र सांस्कृतिक क्षेत्रमा दुष्प्रभाव परिरहेको छ । त्यसको कारण भारत हो भन्ने कसैबाट लुकेको छैन ।

पछिल्लो नाकाबन्दी र मधेस आन्दोलनमा दर्जनौँ मधेसी जनताको ज्यान गयो । विद्यालयहरु बन्द भए । पटकपटकको बन्द र हडतालका कारण हुनेखानेका बच्चाहरु काठमाडौँ र भारततिर पलायन हुँदा निजी विद्यालयहरु बन्द हुने अवस्थामा पुगे । असुरक्षाका कारण विराटनगरको बजार इटहरी र वीरगन्जको बजार सिमरातिर सर्दै गएको छ । गौर बजार चपुरतिर र जनकपुर बजार बर्दिबासतिर लस्कँदै छ । सिमानाका बजारहरु बन्दीपुरजस्ता हुँदैछन् । त्यो जनधनको क्षतिको उपलब्धि के ? भारतले त्यसलाई दलालहरुका लागि मन्त्री र भारतका लागि कोसीको पानीसँग साटिरहेको छ । यस्तो भएपछि तराई-मधेसमा भारतका विरुद्ध जनमत नबढेर अरू के हुन्छ त ?


अहिले अकल्पनीय रूपमा सीमावर्ती भूभागमा भारतका विरुद्ध जनमत बढ्न थालेको हो । हिजो काठमाडौँमा सुनिने भारत विरोध अहिले तराई-मधेसमा सुनिन्छ । त्यसकारण नेपालले तेस्रो देशसँग सम्पर्क गर्नासाथ भारत विरोध ठान्ने मनोविज्ञान, रूढिवाद, दलालबाट भारत बाहिर निस्कनुपर्छ । नेपाललाई 'मर्न पनि नदिने, मोटाउन पनि नदिने' भारतको रणनीति छ । नेपाल बलियो भए आक्रमण वा प्रतिरोध गर्ला भन्ने त्रास, कमजोर भयो भने लुट्न, चुस्न, कज्याउन पाइन्न कि भन्ने त्रास भारतको देखिन्छ । दिल्लीले नेपाललाई समानताको दृष्टिले नहेरेसम्म यो 'समस्या' झनै बढ्नेछ । तराई-मधेससहित नेपालको नयाँ पुस्ता दिल्लीको इसारामा 'नितम्ब हल्लाएर बस्न' तयार छैन ।

## एकदिने गोष्ठी हुँदै

**आगामी कात्तिक १० गते 'सञ्चार र जनपक्षधरताको प्रश्न' विषयक एकदिने गोष्ठी काठमाडौँमा हुने भएको छ । अनिल शर्माद्वारा अवधारणापत्र प्रस्तुत हुने उक्त गोष्ठीमा वरिष्ठ सञ्चारकर्मीहरूले टिप्पणी गर्नेछन् । उक्त कार्यक्रममा उपस्थितिका लागि अनुरोध छ ।**

**– रातो खबर प्रकाशनगृह**

# क्रान्तिकारी जनसङ्घर्ष र मिडियाको भूमिका



कृष्ण सेन 'इच्छुक'

आज तेस्रो विश्व र खासगरी दक्षिणएसियाका क्रान्तिकारी जनसङ्घर्षको वस्तुगत स्थिति तीव्र गतिमा बढिरहेको छ। साम्राज्यवादीहरूले नाफामुखी भोकले विश्वका हरेक कुनामा जीवनका हरेक पहलुहरूलाई लुछिरहेको छ। साम्राज्यवादी देशले जनताको मस्तिष्क प्रभावित गर्न आकाश र धर्ती दुवैमा एकाधिकार लादिरहेको छ र दमन विस्तार गरिएका बेला यो क्षेत्रमा जनसञ्चारमाध्यम आँखाका नानी बनिरहेका छन् । सञ्चारमाध्यमहरूमाथि पूर्ण नियन्त्रण कायम गरी साम्राज्यवादीहरू एउटा ढुङ्गाले दुई चरा मार्न चाहन्छन् । एकातर्फ यसले आफ्नो वित्तीय अभिरुचि विस्तार गर्न चाहन्छ र अर्कोतिर यसले विश्वभरिको क्रान्तिकारी आन्दोलनलाई रोक्न चाहन्छ । तानाशाहहरूको एकाधिकार पुँजीवादी चरित्रले कस्तो स्थिति सिर्जना गरेको छ भने यो सुधारवादी आन्दोलनको अब कुनै धैर्य छैन। परिणामस्वरूप, कथित प्रजातान्त्रिक अभ्यास, स्वतन्त्र दृष्टिकोण र प्रेस स्वायत्तताहरू निमोठी सकिएका छन्। मुख्य धाराका आमसञ्चारमाध्यममा काम गर्ने पत्रकारहरूमाथि क्रमशः दमन बढ्दैछ र उनीहरूलाई शासक वर्गीय रुचिको सेवा गर्न लगाइँदैछ। स्वतन्त्र पत्रकारहरू जो सापेक्षित रूपमा बढी राष्ट्रवादी, साम्राज्यवाद र सामन्तवादविरोधी छन्, उनीहरूलाई आतङ्ककारीको बिल्ला भिराइँदैछ र उनीहरूको पेसामाथि क्रमशः दबाब सिर्जना गरिँदैछ। जनसङ्घर्षमा सहभागी पत्रकारको चुनौती उनीहरूलाई जनसङ्घर्षतर्फ आकर्षित गर्नु छ। यो सम्भव छैन भने उनीहरूलाई तटस्थ राख्नुपर्छ ताकि उनीहरू दक्षिणपन्थी प्रतिक्रियावादी क्याम्पमा नजाऊन् ।

यसैगरी आमसञ्चारमाध्यमको व्यवसायीकरणले दिनदिनैका जनसङ्घर्ष, मजदुर सङ्घर्षका बारेमा ठूलो मूल्य चुक्ता गर्दै समाचार सङ्कलन गर्नेहरूको सङ्ख्या पनि बहुमत छ। जातीय, क्षेत्रीय, लैङ्गिक विषयवस्तुमा मिडियाले साम्रैसँग समाचार सङ्कलन गरिरहेका छन्। जनसङ्घर्षका पक्षमा काम गरिरहेका मिडियाकर्मीहरूको चुनौती मुख्य धाराका पत्रकारलाई एउटा आमबाटो बनाउनु र उनीहरूलाई अन्यायविरुद्ध लड्ने र आत्मोचक ढङ्गले भन्डाफोर गर्ने बाटो सिकाइदिनुपर्ने छ । हामीले अब के जान्न'पर्दछ भने वर्तमान एकाधिकार पुँजीवादी पद्धतिविरुद्ध सुधारवादी किसिमले लड्न सकिनेछैन। क्रान्तिकारी आन्दोलनले यसको घाँटी निमोठ्न लागिसकेको छ, हामी क्रान्तिकारी मिडियाले यो अवसरलाई समात्नै पर्दछ।

**दक्षिणएसियामा क्रान्तिकारी जनसङ्घर्ष र दक्षिणएसियामा मिडियाको भूमिका**

आज दक्षिणएसिया अन्तर्विरोध र द्वन्द्वको केन्द्रबिन्दु बनेको छ । नेपालमा ने.क.पा. (माओवादी) को नेतृत्वमा जनयुद्ध सिङ्गो देशभर फैलँदैछ । यसैगरी क्रान्तिकारी सशस्त्र सङ्घर्षहरू एमसीसी, पिपुल्स वारको नेतृत्वमा बिहार, दण्डकारण्य र आन्ध्रप्रदेशमा फैलिरहेका छन् । त्यस्तै कास्मिर र उत्तरपूर्वी क्षेत्रमा राष्ट्रिय मुक्ति आन्दोलनहरू भइरहेका छन् । श्रीलङ्कामा तामिल मुक्ति सङ्घर्ष भइरहेको छ । पाकिस्तान र अफगानिस्तानजस्ता देशहरूमा युद्धविरुद्ध जातीय मौलिक सङ्घर्ष बढ्दैछ । यी सबै सङ्घर्षहरू साम्राज्यवादी दमनका परिणाम हुन्। साम्राज्यवादले यी युद्धहरू आफ्नो युद्ध उद्योग फस्टाउने माध्यम बनाएको छ । हत्याहरूबाट उसले त्यो उद्योगमा नाफा आर्जन गरेको छ। हरेक सत्यहरूलाई ऊ कि लुकाइरहेको छ कि रहस्यमय बनाइरहेको छ। यस्तो स्थितिमा मिडियाको भूमिका बढेर गएको छ। यो क्षेत्रका जनताले उनीहरूका देशका शासकको दमन खेप्दा भारतीय विस्तारवादको दमन पनि जोडिएको हुन्छ। अमेरिकी साम्राज्यवादको सहयोगमा भारतीय विस्तारवादले यो क्षेत्रका प्राकृतिक सम्पदामाथि हस्तक्षेप गरिरहेको छ । यसले यो क्षेत्रमा झन् सङ्कट निम्त्याएको छ । भारतका मुख्य धाराका मिडिया विस्तारवादी साधन भएका छन्। यो गोप्य छैन, भारतीय मुख्य धाराका मिडिया सुरक्षा, सेना र विदेश सम्बन्धमा सरकारद्वारा प्रत्यक्ष नियन्त्रित छ। परिणामस्वरूप भारतीय मिडियाहरू यो क्षेत्रका आन्दोलनलाई भारतीय शासकवर्ग विरोधी वा समर्थकमा बाँडेर लेख्ने गर्दछन् । भारतका शासक वर्गीय मिडियाले पाकिस्तानको आन्दोलनमा मानवअधिकार हनन भएको चर्को हल्ला गर्दछन् तर त्यस्तै प्रकारले भरतले कास्मिरमा घोर मानवअधिकार उल्लङ्घनलाई चर्चा गर्दैनन् । भारतमा एमसीसी र पिपुल्स वारको जनसङ्घर्षका घटनालाई न्यून मूल्याङ्कन गरिन्छ जब कि रणवीर सेनाका गलत गतिविधिलाई राम्रो बनाइन्छ । जनसङ्घर्षलाई आईएसआईद्वारा निर्देशित वा लगानी गरिएको भन्दै राष्ट्रविरोधी बनाइन्छ। नेपालको जनयुद्धबारे भारतीय मिडियाले पहिलो प्रतिक्रिया मतलब नै नगर्ने थियो तर जनयुद्धले विजय हासिल गर्दै गएपछि र यो फैलँदै गएपछि यसलाई पनि आईएसआईद्वारा निर्देशित र पोषित भनेर बेइज्जत गर्न खोजिँदैछ। त्यसैले भरतीय पत्रिकाहरूले जनसङ्घर्षको विरोध गर्दै जनविरोधी काम गर्दैछन्।

जनसङ्घर्षका पक्षमा मिडिया अभियान सञ्चालन गर्न मुख्यतया अमेरिकी साम्राज्यवादी देशहरू र तीद्वारा समर्थित भारतीय विस्तारवादविरुद्ध केन्द्रित हुनुपर्छ । अर्को चुनौती सबै जातीय, क्षेत्रीय य'द्धहरूलाई वर्गयुद्धसँग जोडेर तिनलाई जनसङ्घर्षको रूप दिनुपर्छ। यसका लागि विभिन्न देशका क्रान्तिकारी लेखक, कलाकारहरू एकीकृत हुन आवश्यक छ । रिम आफ्नो आधिकारिक प्रकाशन 'ब ध्यचमि तय ध्ष्ल' मार्फत विश्वभरिका जनसङ्घर्षको प्रचार गर्छ।

**जनयुद्ध र नेपालमा आमसञ्चारमाध्यमको भूमिका**

सामान्यतया वामपन्थी पत्रपत्रिकाले आफ्ना सामग्री प्रकाशन गर्न त्यति समस्या भोग्नुपरेको छैन । नेपालमा वामपन्थी आन्दोलनको महत्व धेरै भएका कारणले यसो भएको हो । परिणामस्वरूप नेपालमा ठूला लगानीकर्ताबाट सञ्चालित पत्रिकासँग वामपन्थी पत्रिकाले राम्रैसँग प्रतिस्पर्धा गरिरहेका छन् । नेपालमा नवसामन्ती राजतन्त्र र विस्तारवादको राजनीतिक, आर्थिक दबदबाले सामन्तवाद र साम्राज्यवादविरोधी मिडियाको ध्रुव तयार गरिदिएको छ यद्यपि नेपालको कम्युनिस्ट आन्दोलनमा संशोधनवाद हावी भएकाले यसले राष्ट्रिय रूप धारण गर्न पाएको छैन । तर जब माओवादी जनयुद्ध सुरु भयो तब क्रान्तिकारी पत्रकरिताले प्रतिक्रियावादी राज्यसत्तालाई चुनौती दिन थाल्यो। त्यसपछि जनयुद्धमा संलग्न र समर्थक मात्रै होइन, सञ्चारकर्मीहरू पनि राज्यको दमनमा पर्न थाले। तीमध्ये केहीलाई जेल हालियो, केही बेपत्ता छन्, पत्रिका कार्यालय, कम्प्युटर कार्यालयमाथि आक्रमण गरियो । मुख्य धाराका स्वतन्त्र पत्रकारलाई पनि राजा वीरेन्द्रको वंशनाशबारे समाचार लेख्दा जेल हालियो। त्यसैले सरकारले प्रेसमाथि गरेको दमनविरुद्ध नेपाली प्रेसको एकता महत्वपूर्ण छ। चिनियाँ सांस्कृतिक क्रान्तिका बेला प्रगतिशील पत्रकारहरूको विशाल एकता गरिएको थियो । यसले आज प्रभावकारी रूपमा काम गरिरहेको त छैन तर अहिलेको अवस्थामा उच्च प्रकारको एकता र सहकार्य आवश्यक छ। पहिले क्रान्तिकारी मिडियाहरू बाँच्न निकै गाह्रो हुन्थ्यो तर जनयुद्धको विस्तारले यो हल भएको छ। वास्तवमा जनयुद्धका खबर जान्ने भोक कति बढेको छ भने प्रतिक्रियावादी सञ्चारमाध्यमले पनि जनयुद्धका खबरलाई ठूलो स्थान दिन थालेका छन्। वार्ताका बेला जनयुद्धविरुद्ध केही भ्रम सिर्जना गरिए पनि यसको महानताले त्यो सबै कम विश्वसनीय भयो।

**निष्कर्ष**

क्रान्तिकारीको फैलावटका लागि आत्मगत र वस्तुगत आधार पर्याप्त र फराकिलो छ भने कसैले क्रान्ति रोक्न सक्दैन । जनसङ्घर्षका कामहरू बढ्दै गर्दा दक्षिणएसियाका विभिन्न भागमा मार्क्सवादी साहित्य पनि एक देशबाट अर्को देशमा फैलँदै गएको छ। विशेषगरी यो नेपाल र भारतबीचमा भइरहेको छ । हामीसँग भारतका धेरै ठाउँबाट गएका मार्क्सवादी साहित्य पाइन्छन् । हिन्दी र अङ्ग्रेजी भाषाबाट धेरै पुस्तक नेपालीमा उल्था गरिएका छन् । त्यस्तै नेपालको जनयुद्धबारे भारतीय जनतालाई जानकारी दिन अङ्ग्रेजी र हिन्दीमा धेरै किताब लेखिएका छन् । ने.क.पा.( माओवादी) पनि सञ्चारमाध्यमलाई देशभित्र र बाहिर फैलाउन चिन्तित देखिन्छ । परिणामस्वरूप उनीहरूको राजनीतिक एजेन्डामा मिडियासन्दर्भ पनि परेको छ। हालै पार्टीको केन्द्रीय समितिदेखि सबै जनवर्गीय सङ्गठनसम्म मिडियाको महत्वबारे खुला छलफल भयो र प्रतिक्रिया माग्ने काम भयो । यसले पत्रिकाको भूमिका बृहत् बनाउन सहयोग गऱ्यो । यसबाहेक नेपाली भाषामा कयौँ पत्रिकाले जनयुद्धको प्रचार गरिरहेका छन् । ने.क.पा. (माओवादी) को एउटा अङ्ग्रेजी भाषाको अन्तर्राष्ट्रिय प्रकाशन पनि छ । यहाँ विश्वभरि जनसङ्घर्षको प्रचार गर्न रिम र उसको प्रकाशन 'A World to Win' को भूमिका उल्लेखनीय छ। यो हालै हिन्दीमा पनि प्रकाशित हुन थालेको र यसप्रति स्थानीय चासो पनि बढ्दै छ।

*नेपालमा नवसामन्ती राजतन्त्र र विस्तारवादको राजनीतिक, आर्थिक दबदबाले सामन्तवाद र साम्राज्यवादविरोधी मिडियाको ध्रुव तयार गरिदिएको छ यद्यपि नेपालको कम्युनिस्ट आन्दोलनमा संशोधनवाद हावी भएकाले यसले राष्ट्रिय रूप धारण गर्न पाएको छैन।*

हामीलाई एड्गर स्नो र आग्नस स्मेल्डीजस्ता सक्रिय पत्रकार चाहिएको छ जसले चिनियाँ क्रान्तिलाई विश्वव्यापी बनाउन सहयोग गरे । यहाँ अमेरिकी पत्रकार ली अनेस्टोको भूमिका पनि उल्लेखनीय छ। उनी नेपालका रुकुम, रोल्पा घुमिन् र नेपालको जनयुद्धबारे विश्वभरिका जनतालाई जान्न सहयोग गरिन्।

आज जनयुद्ध गरिरहेका पार्टीहरू र विभिन्न मुक्ति आन्दोलनहरूलाई एकअर्कामा संयोजन गर्नु आवश्यक छ ता कि यसले विश्वक्रान्तिको आधार तयार गरोस्। यस्तै क्रान्तिकारी जनसङ्घर्षका पक्षमा लेख्ने मिडियाबीच पनि सहकार्य आवश्यक छ । आशा गरौँ, साप्जाले यो ड्युटी पूरा गर्नेछ।

# युजिन पोत्तरको कम्युन र अन्तर्राष्ट्रिय गीत



दिल साहनी

**विषय प्रवेश**

पितृको सम्झनामा प्रत्येक वर्ष श्राद्ध गर्ने प्रचलन छ । गाई जात्रामा परिवारले मृतहरूको स्मरण गर्दछन् । प्रसिद्ध राष्ट्रिय विभूति वा सहिदहरूको स्मरणमा जन्म जयन्ती वा स्मृति दिवस मनाउने गरिन्छ । यसरी नै कुनै ऐतिहासिक दिन वा महापुरुषको स्मरणमा शतबार्षिकी मनाउने प्रचलन र परम्परा रहेको छ । यस प्रकारका ऐतिहासिक सन्दर्भका अवसरहरूमा जन्म जयन्ती स्मृति दिवस वा शतवार्षिकी सम्बन्धी विविध कार्यक्रम सभा समारोह गोष्ठी आदिको आयोजना गर्दै तिनलाई भव्यताका साथमा मनाउनुको अर्थ हुन्छ - ती महापुरुष, राष्ट्रिय विभूति वा ऐतिहासिक घटनाबाट आवश्यक शिक्षा तथा प्रेरणा लिनु। ती ऐतिहासिक दिवस जयन्ती स्मृति दिवस शतवार्षिकी आदिले संकेत गरेको पथलाई अवलम्बन र अनुशरण गर्नु। निश्चित रुपमा यस्ता ऐतिहासिक प्रसंगहरूबाट सकारात्मक तथा नकारात्मक दुबै प्रकारको शिक्षा लिन सकिन्छ। लिनु पर्दछ पनि। यहाँ मैले सर्वहारा वर्गको अन्तर्राष्ट्रिय गीतका रचयिता फ्रान्सका मजदूर नेता युजिन पोत्तरको दोस्रो शतवार्षिकी दिवसको अवसरमा संक्षिप्त चर्चा गर्न खोजिरहेको छु।

**के हुन् युजिन पोत्तर ?**

युजिन पोत्तरका पुरा नाम हो युजिन एडिन पोत्तर । उनको जन्म त्यतिबेला क्रान्तिको केन्द्र रहेको पेरिसमा ४ अक्टुबर १८१६ मा एउटा गरीब मजदूर परिवारमा भएको थियो । उनले १३ बर्षको उमेरमा स्कूल पढ्न छोडेर आफ्ना बाबुसित प्याकेट पेकिङ गर्ने काममा लागेका थिए। उनले केही समय पसलमा पनि नोकरी गरे। पछि उनले कपडा उद्योगमा कपडामा पेन्ट गर्ने काम गर्न थाले । १८४० पछि उनी पेरिसमा हुने जुनसुकै आन्दोलन वा संघर्षमा सरिक हुन थाले। उनले १४ बर्षको उमेरदेखि गीत कविता लेखेर जनचेतना जगाउन महत्वपूर्ण भूमिका खेले। उनले मजदूरहरूलाई एकजुट हुन आह्वान गरे। १८७१ मा सर्वहाराहरूको पहिलो राज्य पेरिस कम्युन स्थापित हुँदा अत्यधिक मत (३६०० मतमा ३३५२ मत) प्राप्त गरी पेरिस कम्युनको सदस्यको पदमा निर्वाचित भए। पेरिस कम्युननको पराजयपछि उनले सर्वप्रथम इङ्गलैंड, त्यसपछि अमेरिकामा १८७३ देखि १८८० सम्म निर्वासित भए। उनी ९ बर्ष जति निर्वासित जीवन ब्यतीत गरेर पेरिसमा फर्केका थिए । उनको अनुपस्थित फ्रान्सको प्रतिक्रियावादी बुर्जुवा सरकारले उनलाई मृत्युदण्डको सजाय दिएको थियो । उनले सर्वहाराहरूको अन्तराष्ट्रिय गीत पेरिस कम्युनको पराजयपछि ३० जुन १८७१ मा रचेका थिए। उनको मृत्यु ६ नोवेम्बर १८८७ मा पेरिसमा भएको थियो।

लाखौं मजदूरहरूले युजिन पोत्तरको अन्तेष्टिको लागि पेरिस कम्युनका योद्धाहरूलाई दफन गरिएको ठाउँ पियरे लासज सेमट्री (एब्रचभ ीबअजबष्कभ अझभतभचथ) तर्फ लैंजादा उनीहरूमाथि पुलिसहरूले सांघातिक आक्रमण गरेका थिए । उनीहरूले बोकेका राता झण्डा खोस्ने हरकत पनि गरे्का थिए । तरपनि लाखौं लाख मजदूरहरूको सामूहिक ताकतको अगाडि उनीहरूको केही सीप लागेन । मजदूरहरूले आफ्ना लक्ष्य सफल पारी छाडे।

**लेनिनको आँखामा युजिन पोत्तर**

लेनिनले युजिन पोत्तरको २५ औं स्मृति दिवसको स्मरणमा एउटा लेख लेखेर प्राब्दा नँ. २ जनवरी ३, १९१३ मा प्रकाशित गरेका थिए । यो लेख लेनिनका संकलित रचनाको ३६ औं ग्रन्थमा समावेश गरिएको छ । यस लेखमा लेनिनले सर्वहाराको अन्तर्राष्ट्रिय गीत लेख्ने युजिन पोत्तरका सम्बन्धमा विभिन्न उद्गार तथा धारणा व्यक्त गरेका छन्। लेनिन भन्दछन् - सर्वहाराका योद्धा तथा कवि युजिन पोत्तरको गीतलाई संसारभरिका सर्वहाराबर्गले आफ्नो विश्वव्यापी गीत बनाएका छन् । अगाडि लेनिन लेख्दछन् - युजिन पोत्तर जबसम्म बाँचे, अत्यन्त कष्टकर गरिबीमा बाँचे । उनको मृत्युपछि उनकी श्रीमती र छोरी अझै पनि अत्यन्त गरिबीमा रहेर जीवन व्यतित गरिरहेका छन्।

लेनिन भन्दछन् - १८७६ मा अमेरिका निर्वासनको बेलामा युजिन पोत्तरले अमेरिकाका मजदूरहरूको तर्फबाट फ्रान्सका मजदूरलाई शीर्षकको कविता लेखेका थिए – जसमा उनले पूँजीवाद, गरिबी ढाँड भाँचिने श्रम, तीब्र शोषण आदिको जुवामा प्रताडित जीवन बिताइरहेका मजदूरहरूको भविष्यप्रतिको अटुट आस्थाका भावना र बिचारको सजीव रुपमा चित्रण गरेका थिए। यसै लेखमा लेनिन लेख्दछन् - कम्युनलाई ध्वस्त पारियो । तर युजिन पोत्तरको अन्तर्राष्ट्रिय गीत विश्वभरि फैलियो र त्यो हिजोभन्दा आज अझ बढी जीवित रहेको छ।

आफ्नो छोटो लेखको अन्त्यमा लेनिन लेख्दछन् - पोत्तरको मृत्यु गरिवीको बीचमा रहेर नै हुनगयो। तर उनले हाम्रो मन मस्तिष्कमा अमिट छाप छोडेर गएका छन् । हिजो उनको ऐतिहासिक गीत सीमित मान्छेको बीचमा पुगेको थियो भने आज त्यो असंख्य सर्वहाराबर्ग बीचसम्म पुग्न सफल भएको छ।

**पेरिस कम्युन**

फ्रान्सका मजदूर नेता युजिन पोत्तरको नाम तथा काम विश्वकै सर्वहारा बर्गको पहिलो राज्य पेरिस कम्युनसित अभिन्न रुपले जोडिएको छ । पेरिस कम्युनको आयु भने त्यति लामो हुन सकेन । यो १८ मार्च १८७१ देखि २८ मई १८७१ सम्म कायम रहेको थियो । प्रतिक्रियावादी बुर्जुवा सरकारले संसारको सर्वहाराको पहिलो राज्य पेरिसमाथि ठूलो रक्तपातपूर्ण आक्रमण गरेको थियो। यसलाई रक्तपाती सप्ताह पनि भनिन्छ । यसमा कति योद्धाहरूको ज्यान गयो, कति पक्राउ परे, कतिलाई मुत्यदण्ड दिइयो, कति जेल परे, कति देश निकाला गरिए, कति विभिन्न मुलुकमा पलायन भए, कति बेपत्ता भए, यकिन साथ भन्न सकिन्न। यस सम्बन्ध तथ्य फरक फरक दिइएका छन्। एउटा तथ्य अनुसार प्रतिक्रियावादी तर्फको शक्ति लगभग १,७०,००० र क्रान्तिकारी तर्फको शक्ति २,००,००० भनिएपनि वास्तवमा २५००० देखि ५०००० सम्मको शक्ति हुन सक्ने बताइएको छ। प्रतिक्रियावादी सत्ता तर्फको मृत्यु तथा घाइतेको संख्या क्रमशः ८७७ र ६४५४ बताएको छ भने क्रान्तिकारी पेरिस कम्युनका योद्धातर्फ ६,६६७ मुत्यु भएको र उनीहरूलाई सामुहिकमा रुपमा दफनाइएको भनिएको छ। अन्य स्रोतको तथ्य अनुसार २०,००० देखि २५,००० सम्मको मृत्यु भएको हुन सक्ने भनिएको छ। युजिन पोत्तर विश्वका सर्वहाराबबर्गको पहिलो राज्य पेरिस कम्युनको परिषद्का सदस्य निर्वाचित भएका थिए।

पेरिस कम्युन सम्बन्धमा मार्क्स, एंगेल्स र लेनिन

पेरिस कम्युनबाट शिक्षा लिएर नै मार्क्सले सशस्त्र क्रान्ति, प्रतिक्रियादीवादी राज्ययन्त्रको ध्वस्त र सर्वहाराबर्गको बर्गको अधिनायकत्वको अनिवार्यता बारेको बिचार वा सिद्धान्त प्रतिपादन गरेका थिए । उनले आफ्नो पुस्तक फ्रान्समा गृहयुद्धमा पेरिस कम्युनको विशेष समीक्षा तथा प्रशंसा गरेका छन् । पछि लेनिनले यसमाथि विशेष जोड दिँदै आफ्नो चर्चित पुस्तक राज्य र क्रान्तिमा बिस्तृत व्याखा गरेका छन्। माओले पनि सर्वहाराबर्गको अधिनायकत्वका बारेको विशेष शिक्षा पेरिस कम्युनबाट नै लिएका छन्। यसकारण पेरिस कम्युनको घटना सर्वहाराबर्गको लागि अत्यन्त ठूलो तालिम मात्र होइन, शिक्षाको विश्वविद्यायल नै भएको छ।

पेरिस कम्युनको समीक्षा गर्दै मार्क्सले भनेका छन्- "यसलाई हामी भविष्यमा हुने सर्वहाराबर्गको क्रान्तिको लागि रिहर्सल वा अभ्यासको रुपमा लिन सक्दछौं।" मार्क्सले अगाडि के पनि भनेका छन् भने सर्वहाराबर्गले पेरिस कम्युनको सधैभरि गौरवको साथमा स्मरण गरिहने छ । यो नयाँ समाजको जन्मदाता र पथप्रदर्शक सावित हुने छ । यसले सर्वहाराबर्गको मुक्तिको बाटो प्रशस्त गरिदिने छ। मार्क्सले पेरिस कम्युनको स्थापना गरेपनि त्यसको रक्षाको लागि आवश्यक काम पूरा नगरेको हुनाले नै त्यो सजिलै उल्टिन पुगेको हो भन्दै आलोचना पनि गरेका छन्।

एंगेल्सले पेरिस कम्युनको आफ्नो तैनाथ सैनिक नभएको कारणले नै त्यो गुम्न गएको भनेका छन्। लेनिनले पेरिस कम्युनले सर्वहाराबर्गको अधिनायकत्व बिना कम्युनिष्ट व्यवस्था कायम हुन नसक्ने कुरालाई स्पष्ट पारेका छन्। लेनिनको भनाइ रहेको छ- "गृहयुद्धमा सैनिकको उपस्थिति आवश्यक हुन्छ।" यो कुरा पेरिस कम्युनका क्रान्तिकारीहरुले गंभीरतापूर्वक लिन सकेनन्।

माओले सर्वहाराको अधिनायकत्वलाई जनताको जनवादी ... बाँकी पृष्ठ ४ मा

# चितवनमा कम्युनिस्ट आन्दोलन

राजेन्द्र रेग्मी

*यस समितिका सचिव विष्णुबहादुर श्रेष्ठ बसाइँसराइका क्रममा पूर्वी नेपाल जाने बेलामा समितिभित्रका एक सदस्य खम्बसिंह कुँवरसँगको सल्लाहमा केशरबाघ इलाका समितिका सचिव नरबहादुर खाँडलाई सचिवको जिम्मेवारी हस्तान्तरण गरिएको थियो । यस समितिमा पदीय जिम्मेवारीका दृष्टिले नरबहादुर खाँड सचिव रहेका भए पनि यो सङ्गठन मूलतः आनन्ददेव भट्टको वरिपरि नै घुमिरह्यो । भट्टको व्यक्तित्व तथा क्रियाशीलताले यो सङ्गठन चितवनका कम्युनिस्ट बुद्धिजीवीवर्गमा निकै विस्तारित भयो ।*

## केन्द्रविहीन समूह

ने.क.पा.को तेस्रो महाधिवेशनपछि नेपालको कम्युनिस्ट पार्टीमा देखापरेको विभाजन र विग्रहको रोगबाट चितवनका कम्युनिस्ट पार्टीहरू पनि मुक्त हुन सकेनन् । चितवनमा पनि टी.एन. र पी.एल. समर्थक समानान्तर समितिहरू गठन भए । चितवनको कम्युनिस्ट सङ्गठनमा देखापरेको यस किसिमको ध्रुवीकरणबाट कम्युनिस्ट आन्दोलनमा ठूलो धक्का लाग्यो । कतिपय कम्युनिस्ट कार्यकर्ताहरू आरोप-प्रत्यारोपमा उत्रिए । नेता-कार्यकर्ताहरू पक्ष र विपक्षमा विभाजित भए । गुटबन्दी तथा पक्ष-विपक्षमा नरहेका जिम्मेवार नेता, कार्यकर्ता तथा शुभचिन्तकहरूमा नैराश्य उत्पन्न भयो । यस स्थितिमा कुनै पनि केन्द्रमा संलग्न नरहने गरी वि.सं. २०२४ मा एउटा अर्को कम्युनिस्ट समूह गठन भयो । यस समूहको गठनमा वीरेन्द्र कलेजका प्राचार्य आनन्ददेव भट्टको अहम् भूमिका रहेको देखिन्छ ।

टी.ए. र पी.एल. समूहमा विभाजित चितवनको कम्युनिस्ट आन्दोलनबाट निराश बनेका कर्यकर्ताहरूलाई समेटन पनि यो केन्द्रविहीन नयाँ समूहको गठन बढी उपयोगी हुने महसुस गरी गठनसम्बन्धी प्रक्रिया प्रारम्भ गरियो । यसक्रममा भट्टले पुराना कम्युनिस्ट नेता र कार्यकर्ताहरूसँग भेटघाट गर्ने, छलफल गर्ने कार्यलाई तीव्रता दिए । सुरुमा पूर्ववर्ती सङ्गठनमा कार्यरत कार्यकर्ताहरू जगतबहादुर श्रेष्ठ, गुणबहादुर घले तथा भरतपुर अस्पतालका सुपरिटेन्डेन्ट डा. मथुराप्रसाद श्रेष्ठसँग सम्पर्क कायम भयो । वि.सं. २०२४ को अन्त्यतिर कम्युनिस्ट सङ्गठनको विकास र विस्तारमा अघि बढ्ने कुरामा सैद्धान्तिक सहमति भयो । प्रारम्भमा कम्युनिस्ट सङ्गठनको विकास र विस्तारमा लागि पर्ने भन्ने विषयमा सैद्धान्तिक सहमति भए पनि अन्य सबै कुराहरू एकैचोटि प्रस्ट गरिएको थिएन । जब बैठकहरूमा सैद्धान्तिक, कार्यनीतिक विषयहरूमा छलफल हुन सुरु भयो तब ४ जनाबीचमा नै सैद्धान्तिक विमति देखाप-यो । भट्ट र जगतबहादुर नयाँ सङ्गठनलाई कुनै पनि केन्द्रसँग सम्बन्धित नगराई केन्द्रविहीन गराएर लैजान चाहन्थे । अर्कापट्टि आफू पुष्पलालको समर्थक रहेको र पुष्पलालसमूह छाड्न नसक्ने बताउँदै गुणबहादुर घले उक्त समूहबाट अलगिए । यसरी गुणबहादुर बाहिरिएपछि केही समय भट्ट, जगतबहादुर श्रेष्ठ र डा. मथुरा ३ जना मात्र भएर भेटघाट गर्ने, छलफल चलाउने गर्दै रहे । केही समयपछि तीनैजनाले एकएकजना सम्पर्कमा लिने निर्णय भयो जसअनुसार जगतबहादुरको सिफारिसमा यमुना न्यौपाने, डा. मथुराको सिफारिसमा भरतपुर अस्पतालमा कार्यरत एकजना नर्सका भाइ पुष्पगोपाल श्रेष्ठलाई सम्पर्कमा लिइयो । केही समय ती ५ जनाबीच भेटघाट तथा जमघट हुने ग-यो । पञ्चायती व्यवस्था निर्विकल्प घोषित भएको र आफ्नो सञ्जाल पूर्ण रूपमा विस्तार गरिरहेको समयमा हरेकले हरेकलाई शङ्का-उपशङ्का गर्नुपर्ने तत्कालीन समयमा यही ५ जनाबीच पनि आत्मा खुलेर छलफल भएन । पुष्पगोपालप्रति शङ्का गर्न थालियो । भेटघाट र जमघट पातलिँदै गयो तर केही समयपछि नै आचरणगत आरोपका कारण डा. मथुरा भरतपुर अस्पतालबाट काठमाडौँ सरुवा भए । दिदीको सरुवा भएपछि पुष्पगोपाल पनि दिदीका साथमा काठमाडौँ गए । यता भट्टले पुनः साङ्गठनिक सक्रियतामा चासो बढाए । भेटघाट र छलफल तीव्र पारे । अन्त्यमा वि.सं. २०२४ को अन्त्यतिर नारायणगढस्थित आफ्नै घरमा भेला गराएर विष्णुबहादुर श्रेष्ठको सचिवत्वमा औपचारिक समिति गठन गराए ।

यो समूहले आफूलाई नेपाल कम्युनिस्ट पार्टी (ने.क.पा.) नै भन्ने गरेको भए पनि ने.क.पा. को कुनै केन्द्रसँग आबद्धता नरहेका कारण यस समूहलाई केन्द्रविहीन समूहको नामले सम्बोधन गर्ने गरियो । यस समूहका सदस्यहरूले पनि समूहको पहिचान गराउँदा केन्द्रविहीन समूहको नाममा नै पहिचान गराउने गरेका थिए । तसर्थ यो समूहको नाम केन्द्रविहीन समूह रहन गएको देखिन्छ ।

चितवनमा क्रियाशील राणा समिति पञ्चायतपरस्त र पुष्पलाल समर्थक समिति नेपाली काङ्ग्रेससँग सहकार्यका साथ अघि बढ्ने रणनीति अवलम्बन गरिरहेको अवसरमा गठित केन्द्रविहीन समितिले बौद्धिक वर्गमा आफ्नो सङ्गठन विस्तार गर्दै गयो । विभाजनपूर्वका प्रारम्भिक समितिहरूलाई आआफ्नो प्रभावमा लिन पुष्पलाल समर्थक समिति र केन्द्रविहीन समितिबीच होडबाजी चल्न थाल्यो । यसक्रममा यस समितिको सक्रियतामा केशरबाघ, चम्पानगर, शिवनगरमा प्रारम्भिक समितिहरू गठन भए । त्यसमध्ये केशरबाघको समिति निकै सक्रिय रहेको थियो । उक्त समितिमा नरबहादुर खाँड, वामदेव पौडेल, इन्द्रविलास पौडेल, बालकृष्ण मिश्र र ओमप्रकाश पाण्डे रहेका थिए ।

यस समितिका सचिव विष्णुबहादुर श्रेष्ठ बसाइँसराइका क्रममा पूर्वी नेपाल जाने बेलामा समितिभित्रका एक सदस्य खम्बसिंह कुँवरसँगको सल्लाहमा केशरबाघ इलाका समितिका सचिव नरबहादुर खाँडलाई सचिवको जिम्मेवारी हस्तान्तरण गरिएको थियो । यस समितिमा पदीय जिम्मेवारीका दृष्टिले नरबहादुर खाँड सचिव रहेका भए पनि यो सङ्गठन मूलतः आनन्ददेव भट्टको वरिपरि नै घुमिरह्यो । भट्टको व्यक्तित्व तथा क्रियाशीलताले यो सङ्गठन चितवनका कम्युनिस्ट बुद्धिजीवीवर्गमा निकै विस्तारित भयो ।

## केन्द्रविहीन समूहको जिल्ला सम्मेलन

नरबहादुर खाँड सचिव रहेको जिल्ला तदर्थ समितिले वि.सं.२०२५ मा खम्बसिंह कुँवरको घरमा जिल्ला सम्मेलन आयोजना ग-यो ।सम्मेलनबाट जिल्ला कार्यसमिति गठन भयो । तत्कालीन लिखित दस्तावेजको अभावमा उक्त सम्मेलनमा गठित जिल्ला समितिका सदस्यहरूको नामावली पनि विवादमुक्त हुन सकेको देखिँदैन । तर पनि विभिन्न स्रोत तथा नरबहादुर खाँडको सचिवत्वमा गठित कार्यसमितिमा रहेका भनिएका विभिन्न सदस्यहरूसँगको साक्षात्कारबाट समितिका अन्य सदस्यहरूमा फणिन्द्र न्यौपाने, यमुना न्यौपाने, आनन्ददेव भट्ट, टेकबहादुर थापा, जगतबहादुर श्रेष्ठ र खम्बसिंह कुँवर रहेको देखिन्छ ।

यस समितिले वि.सं. २०२५ मा जिल्ला अधिवेशन गरी जिल्ला कार्यसमिति गठन भई विभिन्न समयमा आवश्यकताअनुसार सदस्यहरू थप गर्दै जानुका साथै सङ्गठनात्मक गतिविधि पनि सुरु ग-यो । विशेषगरी आनन्ददेव भट्टको निर्देशनमा परिचालित भइरहेको यस समितिको साङ्गठनिक गतिविधिको केन्द्र वीरेन्द्र कलेज भएको थियो । तत्कालीन समयमा नेपाल राष्ट्रिय विद्यार्थी फेडेरेशन नामक विद्यार्थी संगठन ने.क.पा. रायमाझी समूहको विद्यार्थी सङ्गठन मानिन्थ्यो । अन्य कम्युनिस्ट समूहले विद्यार्थी वर्गमा साङ्गठनिक विस्तारका लागि ध्यान नदिएको अवसरमा यो समूहले विद्यार्थी वर्गमा ध्यान दियो । वि.सं. २०२६ मा यस समूहको सक्रियतामा टेकबहादुर थापाको नेतृत्वमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन जिल्ला समिति गठन भयो । यसै गरी शिक्षकहरूमा सङ्गठन विस्तार गर्न शिक्षण पेसामा सम्लग्न विष्णु घिमिरेलाई वि.सं. २०२६ मा पनि समितिमा थप गरियो । युवा वर्गबाट कृष्णबहादुर मरहट्टालाई समितिमा समावेश गरियो । यसरी नै वि.सं. २०२६ मा दिव्यनगर इलाका समितिका अमिक शेरचनलाई पनि यस समितिमा समावेश गरिएको थियो ।

यस समितिले वि.सं. २०२९ मा दोस्रो सम्मेलन गरी कार्यसमितिमा सामान्य फेरबदल ग-यो जसमा गेहेन्द्रबहादुर थापा, सोमनाथ घिमिरे र अनेरास्ववियु जिल्ला अध्यक्ष पुष्पराज जमरकट्टेलसमेत जिल्ला कार्यसमितिमा समावेश भए ।

---

**युजिन पोत्तरको ……**

अधिनायकत्वको रुपमा परिभाषित गरेका छन् । यो अवधारणा पनि पेरिस कम्युनकै शिक्षामाथि आधारित छ । युजिन पोत्तरले पेरिस कम्युनको दुर्घटनापछि नै गोप्य ठाउँमा बसेर अन्तर्राष्ट्रिय गीतको रचना ३० मई १८७१ मा गरेका हुन् ।

**युजिन पोत्तरको अन्तराष्ट्रिय गीत**

युजिन पोत्तरलाई के थाहा पेरिस कम्युनको पराजयपछि उनले गोप्य ठाउँमा बसेर ३० मई १८७१ मा लेखेको यो गीत अन्ततोगत्वा विश्वभरिका सर्वहारावर्गको गीत हुन पुग्नेछ ! फ्रेन्च भाषामा लेखिएको यो कम्युनिष्टहरूको अन्तर्राष्ट्रिय गीत यतिबेला संसारका प्रायः सबै भाषामा अनुवाद भएको छ । युजिन पोत्तरले लेखेको यस अन्तर्राष्ट्रिय गीतको संगीत दिएका थिए- फ्रान्स कै संगीतकार पियरे गेटरले । संसारभरि अन्तर्राष्ट्रिय गीतको अनुवाद वा गाउने तरिका फरक परे पनि संगीत भने एउटै रहेको छ ।

मार्क्स एंगेल्सले तयार पारेको १९४८ को कम्युनिष्ट पार्टीको घोषणा र युजिन पोत्तरले लेखेको १८७१ को अन्तर्राष्ट्रिय गीत विश्व सर्वहारा क्रान्तिका अभिन्न अंग बनेका छन् । अपरिहार्य बस्तु बनेका छन् । ठूला पूँजी बनेका छन् । यिनको अभावमा हामी कम्युनिष्ट क्रान्तिको परिकल्पना नै गर्न सक्दैनौं । संसारमा सर्वहारावादी बिचारलाई जीवित राख्न, फैलाउन र शक्तिशाली बनाउन यी दुई कृतिहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहनेछ । यी कृतिहरूले मुर्दाहरूलाई पनि चिहानबाट जगाउन सक्नेछन् ।

अन्तर्राष्ट्रिय गीतको अनुवाद एउटै भाषामा पनि फरक-फरक तरिकाले भएको छ । अंग्रेजी भाषामा अनुवाद भएको अन्तर्राष्ट्रिय गीतमा इङ्गलैण्डको छुट्टै छ । अमेरिकाको छुट्टै छ । नेपाली भाषामा बढी प्रचलनमा आएको अनुवाद नेकपा मालेले गाउन गरेको अनुवाद हो । यो अनुवाद - "उठ जाग ए भोका नाङ्गा, संसारका दुःखी..." बाट शुरु हुन्छ । यो अमेरिकाको अंग्रेजी अनुवादमाथि आधारित देखिन्छ । यो प्रथम इन्टरनेशनल, दोस्रो इन्टरनेशनल र तेस्रो इन्टरनेशनलको गीतको रुपमा स्थापित भएको थियो । यो गीत सोभियत भूमिको राष्ट्रित गीत पनि बनेको थियो ।

**अन्तर्राष्ट्रिय गीतको महत्व**

विश्व कम्युनिष्ट आन्दोलनपछि परेको विश्वको बर्तमान अवस्थामा युजिन पोत्तरले लेखेको यस अन्तराष्ट्रिय गीतको महत्व केही घटेजस्तो देखिए पनि यथार्थ यो होइन । यसले. फेरि चिहानबाट उठेर आफ्नो प्रभाव विश्वभरि फैलाउने क्षमता राख्दछ । उसरी विश्वको सर्वहारा क्रान्ति यतिबेला शिथिल भएपनि यो समाप्त भएको. छैन र नयाँ शिराबाट र नयाँ जगबाट उठ्ने प्रयासमा लागेको छ । मार्क्स, एंगेल्स, लेनिन, स्तालिन र माओले देखेको विश्व सर्वहारा क्रान्तिको सपना इतिहासको खास-खास कालखण्डमा कमजोर हुन गएपनि समाप्त भएर जान सक्दैन । जसरी ढिलो चाँडो साम्यवादको विजय निश्चित छ । सर्वहारा क्रान्तिको विजय निश्चित छ । त्यसरी नै युजिन पोत्तरको गीतले बोकेको अन्ततः मानव जाति हुने कुरा निश्चित छ । युजिन पोत्तरको अन्तर्राष्ट्रिय गीतले विश्वका सर्वहारावर्गको भावना बिचार र आकांक्षालाई प्रतिबिम्बित र प्रतिनिधित्व गरेको छ र गरेको छ- मार्क्स, एंगेल्स, लेनिन, स्तालिन र माओले. देखेको साम्यवादको सपना । विश्व सर्वहारा क्रान्तिको सपना । मान्छेको मान्छेले शोषण गर्ने व्यवस्थाको अन्त्य र नयाँ समतामूलक समाजको सिर्जना । यस अर्थमा युजिन पोत्तरको अन्तर्राष्ट्रिय गीत नयाँ समाजको सिर्जना गर्ने गीत हो । नयाँ युगको आह्वान गर्ने गीत हो । यदि कुनै गीतलाई कालजयी गीत भन्न सकिन्छ भने यो निश्चित रुपमा कालजयी गीत हो । वास्तवमा कुनै कम्युनिष्ट पार्टी आफैमा कम्युनिष्ट पार्टी रहेको छ वा छैन ? त्यसको मापन गर्ने गीत पनि हो यो । कम्युनिष्ट पार्टीको घोषणापत्रले गरेको आह्वान हो विश्वका मजदुर एक हौ । यही कुराको माग गर्दछ, युजिन पोत्तरको यस अन्तर्राष्ट्रिय गीतले पनि ।

**युजिन पोत्तरका कविता**

१४ बर्षकै उमेरदेखि गीत कविता लेख्न थालेका युजिन पोत्तरका थुप्रै क्रान्तिकारी कविता तथा गीतहरू संग्रहका रुपमा प्रकाशित भएका छन् । अमेरिकामा निर्वासित जीवन ब्यतित गर्दा उनले तीनवटा कथात्मक कविता लेखेका थिए । ती कविता हुन्- अमेरिकाका मजदूरहरूका तर्फबाट फ्रान्सका मजदूरहरूलाई (१८७६), पेरिस कम्युन (१८७७) र मजदूरहरूको पार्टी (१८७८) । युजिन पोत्तरका १८८४ मा सामाजिक आर्थिक कविता संग्रह, समाजवादी क्रान्तिकारी गीत संग्रह र पागल को हो ? गीत संग्रह प्रकाशित भएका छन् । उनको क्रान्तिकारी गीत संग्रह १८८७ मा प्रकाशित भएको हो । उनका क्रान्तिकारी गीत र कविताले त्यतिबेला मजदूर बर्गको क्रान्ति चेत फैलाउन र संघर्षलाई अघि बढाउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । अहिले पनि ती गीत र कविता उत्तिकै सान्दर्भिक छन् ।

पेरिस कम्युनको लडाईमा ठूलो संख्यामा महिलाहरू पनि सामेल भएका थिए । यही कुरामाथि प्रकाश पार्दै युनिज पोत्तर भन्दछन् -

हामी किसानहरू, शिल्पकारहरू र अन्य शोषित पीडितहरू
श्रमका छोरा र छोरीहरूको भई भर्ती भएका थियौं
हामी दाबी गरौं कि यो संसार गरिखाने श्रमिकहरूको हो
बसिखाने लुटाहालाई यो धरतीबाटै धपाउँ ।

आशावादी स्वर गुञ्जित गर्दै र दमनकारी लुटाहा बर्गबैरीलाई चुनौती युजिन पोत्तर भन्दछन् -

दुष्टहरू हाम्रो मासु लुछेर बाँचेका छन्
हामी युगौंदेखि गिद्धहरूका शिकार भएका छौं
अब कायरहरूको प्रेतात्मालाई हामीले बिदाइ दिनुपर्दछ
बिहानीको मिर्मिरेले उज्यालो चम्किलो दिन ल्याउने छ ।

युजिन पोत्तरले पेरिस कम्युनलाई प्रतिक्रियावादी सत्ताले बर्बरता र क्रुरतापूर्वक ध्वस्त गरेको १५ बर्ष पछि क्रान्तिप्रति आफ्नो उद्‌गार र भावना पोख्दै १८८६ मा लेखेका थिए -

दुश्मनहरूले राइफल सोभाएर उसको हत्या गरे
मसिन गन चलाएर उसको हत्या गरे
र उसलाई रातो भण्डासितै
जमिनमा घिसारे, लतारे
र अश्रुराएको जल्लादहरूको भीडले
आफूलाई निकै सर्वशक्तिमान ठान्यो
तर त्यसले कुनै पात पनि हल्लाउन सकेन

यस कारण कि, निकोलस
कम्युन मरेको छैन
जसरी खेतीवालाले बाली उठाएर खेत खाली पार्दछन्
जसरी रुखबाट स्याउहरू भूईमा झर्दछन्
भर्ससाइको नरसंहार
सयौं हजारौं मान्छेहरूको नरसंहार
सयौं हजारौं मान्छेहरूको बर्बर हत्या गरेर
खोई त तिनले के लछारपाटो लाए ?
आखिर त्यसले कुनै परिवर्तन त भएन
निकोलस
यसकारण कि कम्युन मरेको छैन
ठीक हो उनीहरूले हत्या गरे बर्लिनको
फ्लोरेनको, डुभलको, मिलीरेको,
फेरीको, रिगौको, टोनी मोलिनको
र भरे धमाधम चिहानहरू
हत्याराहरूले सोचे
हामीले उसको हात नै काटिदियौं
हामीहरूको उसको रगतको मूल नै बन्द गरिदियौं
तर यी सबकुराले केही पनि त परिवर्तन भएन
निकोलस,
यसकारण कि कम्युन मरेको छैन
उनीहरूले डाँकाले जस्तै आक्रमण गरे
चुपचाप उनीहरूले अस्पतालको बेडबाट
थुतेर घाइतेहरूको हत्या गरे
बेडको रक्ताम्म चाँदरबाट बगिरहेको रगत
ढोकामुनि समेत बग्यो
तर यसले खोई कुनै परिवर्तन ल्याएन
निकोलस,
यसकारण कि कम्युन मरेको छैन
बेचिएका पत्रकारहरूले
बदनामीका ब्यापारीहरूले
हाम्रो सामुहिक चिहानप्रति
आफ्ना अनेक लाञ्छना, आरोप
र आक्षेपका विष फिंजाए मेक्सिम डुक्याम्प,
डुमासले आफ्नो जाँड रक्सी ओकले
तर त्यसले कुनै हेरफेर ल्याएन
निकोलस,
यसकारण कि कम्युन मरेको छैन
दमोक्लिजको तलबार
उनीहरूका शिरमाथि झुण्डिरहेको छ
भेलिजको शवयात्रामा
उनीहरूलाई चूप बनाइएको थियो
यसकारण कि हामीहरू त्यहाँ पंक्तिबद्ध थियौं
उसलाई सुरक्षा दिन खटिएका असंख्य योद्धाहरू
यसले हरहालतमा यही कुराको प्रमाणित गर्दछ
निलोलस,
यसकारण कि कम्युन मरेको छैन
यी सब चीजले योद्धाहरूलाई यही कुराको प्रमाण दिन्छ
मरियनाको छाला तंग्रिएको छ
उनी युद्धको लागि तयार छिन्
यो अब गगनभेदी स्वरमा नारा घन्काउने बेला हो
कम्युन जिन्दावाद
यसले सबै जुदाजहरूलाई छर्लङ्ग पार्दछ
सब चीज कस्तो छ
छिटै नै उनीहरूलाई थाहा हुने छ
हरे ! कम्युन त मरेको छैन ।

**उपसंहार**

अन्तराष्ट्रिय गीतका कारण संसारभरि चर्चित हुन पुगेका युजिन पोत्तरले अमर र अजय गीत कविता मात्र कोरेनन्, मजदूर आन्दोलन, संघर्ष र क्रान्तिमा होमिएर संसारलाई फेर्ने मामिलामा ठूलो भूमिका खेले । उनको जुझारु संघर्षमय जीवन, क्रान्तिकारी गीत, कविता र अन्तर्राष्ट्रिय गीतले गर्दा उनी विश्व सर्वहारा क्रान्तिका पाटपुर्जा भएर बाँचिरहेका छन् । दाँती र पेची भएर बाँचिरहेका छन् । उनको अन्तर्राष्ट्रिय सर्वहारा क्रान्तिको पर्यायबाची बनेको छ । उनी आफ्नो महान कार्यको. लागि सधैं सर्वहारा बर्गका आँखामा तारा रहिरहनेछन् ।

# चीन र मध्यएसिया : आर्थिक सहकार्यको चहकिलो बाटो

–लु रुकाई (Lu Rucai)

इसापूर्व १३८ मा पश्चिमी हान वंशको राजदरबारले चाङ छियान ९श्जबलन त्तष्बल० भन्ने व्यक्तिको नेतृत्वमा पश्चिमेली देशहरूमा एउटा प्रमण्डल पठाएको थियो । प्राचीन रेशम मार्ग हुँदै केन्द्रीय एसिया, पश्चिम एसियाका साथै युरोप र अफ्रिकासम्म पनि चीनको व्यापार व्यवसाय प्रवर्द्धन गर्नु नै त्यो प्रमण्डलको प्रमुख कार्यभार थियो । त्यत्तिबेला देखि नै त्यो बाटो हुँदै चीनको कागज बनाउने प्रविधि, दिशासूचक यन्त्र (कम्पास), बारुद्, छापाखाना प्रविधि, रेशम, चिया र चिनियाँ माटोका भाडाकुँडा विश्वभरि फैलिएको हो । साथै यही बाटो भएर मसला र मूल्यवान पत्थरहरू चीन भित्रिए ।

रेशममार्गमा पर्ने केन्द्रीय एसियाली देशहरूको चीनसँग आर्थिक तथा व्यापारिक सम्बन्धको लामो इतिहास छ । पछिल्ला वर्षहरूमा चीन र केन्द्रीय एसियाली देशहरूबीचको व्यापारमा तीव्र वृद्धि भएको छ । सन् २०१२ मा चीन र केन्द्रीय एसियाली देशहरूबीच ४५ अर्ब ९४ करोड अमेरिकी डलर बराबरको व्यापार भएको थियो । सन् २०१३ को सेप्टेम्बरमा चिनियाँ राष्ट्रपति सी जिपिङले केन्द्रीय एसियाली देशहरूसँग मिलेर रेशममार्ग आर्थिक क्षेत्र बनाउने विषयमा चिनियाँ दृष्टिकोण सार्वजनिक गरे । यसले दुई पक्षबीच व्यापार र आर्थिक सम्बन्ध थप विस्तारमा प्रतिबद्धता व्यक्त भएको छ ।

**रुग्णताबाट शुरुवात**

सन् १९९२ को जनवरीमा सोभियत सङ्घको विघटन भएपछि चीनले विदेश आर्थिक सम्बन्ध तथा व्यापार मन्त्री ली लाइछिङ (Li Lanqing) र विदेश मामिला उपमन्त्री तायन चेनपाई श्त्बल श्भलनउष्भ० को नेतृत्वमा पाँच वटा केन्द्रीय एसियाली देशहरू- उज्वेकिस्तान, काजाकिस्तान, ताज्गिस्तान, किर्गिस्तान र तुर्कमेनिस्तानमा एउटा कुटनीतिक प्रतिनिधिमण्डल पठायो । जनवरी २ देखि ७ सम्म प्रयेक दिन एक देशका दरले भएको सो भ्रमणका क्रममा चीनले ती पाँच देशहरूसँग आफ्नो कुटनीतिक सम्बन्ध विस्तार गरेको थियो ।

सन् १९९२ मा चीन र ती पाँच केन्द्रीय एसियाली देशहरूबीचको व्यापार ४६ करोड अमेरिकी डलर पुग्यो । चीनको कुल विदेश व्यापारमा यो ०.२७ प्रतिशत थियो । सन् १९९५ मा यो तथ्याङ्क दोब्बरले बढ्यो । दुई पक्षीय व्यापार ८४ करोड ७० लाख अमेरिकी डलर पुग्यो । तथापि चीनको कुल विदेश व्यापारमा यसको योगदान सूचने घट्यो ।

त्यत्तिबेला केन्द्रीय एसियाली देशहरूमा चीनले प्रमुखतः दैनिक रूपमा उपयोगी बस्तुहरू जस्तै कपडा, लुगा-लत्ता र खाना एवं खाद्य पदार्थहरू पठाउने गर्थे । चीनले भने ती देशहरूबाट रसायनिक मल, इस्पात, कपास, गैर फलामजन्य धातु र औद्योगिक रसायन आदि आयात गर्ने गर्थ्यो । त्यत्तिबेला चीन पनि केन्द्रीय एसियाली देशहरूमा लगानी गर्न उत्ति सक्रिय भएन । सन् १९९५ मा चीनका दर्ता गरिएका संयुक्त लगानी प्रतिष्ठानहरू कजागिस्तानमा ३ सय वटा, किर्गिस्तानमा १ सय ३० वटा र उज्वेगिस्तानमा ८० वटा पुगेको थियो । अधिकांश ती प्रतिष्ठानहरू साना लगानीका थिए जस्तै रेष्टुरेन्ट, व्यापार, दैनिक आवश्यक वस्तुहरू र खाना प्रशोधन आदि ।

सन् २००१ मा साङ्घाई सहकार्य सङ्गठन (एससीओ) स्थापना भयो । एससीओको लक्ष्य आतङ्कवादविरुद्धको सङ्घर्ष, क्षेत्रीय सुरक्षा तथा स्थायित्व रक्षा तथा अर्थतन्त्र र व्यापार, वातावरणीय रक्षा, संस्कृति, विज्ञान र प्रविधि, शिक्षा, उर्जा, यातायात एवं वित्तजस्ता क्षेत्रहरूमा क्षेत्रीय सहकार्य प्रवर्द्धन गर्न संयुक्त काम गर्नु थयो । अर्थतन्त्र, समाज र संस्कृतिको हिसाबम विस्तृत र सन्तुलित षेत्रीय विकासलाई अघि बढाउनु पनि यो संगठनको लक्ष्य थियो । एससीओका उद्देश्य कर्यक्रमबाट लाभान्वित हुँदै चीन र केन्द्रीय एसियाली देशहरूबीचको व्यापार तथा आर्थिक सम्बन्ध तीव्र रूपमा विकास भयो । चीनले मूलतः केन्द्रीय एसियाली देशहरूमा उर्जा तथा कच्चा पदार्थहरू अयात गर्ने गर्दछ भने चीनले ती देशहरूलाई पमडा, लुगा-लत्ता, प्रकाशसम्बन्धि औद्योगिक उत्पादनहरू र उच्च प्राविधिक वस्तुहरू निर्वयात गर्ने गरेको छ । उज्वेगिस्तान र किर्गिस्तानमा सबभन्दा ठूलो लगानीकर्ता र दोस्रो ठूलो व्यापारिक साझेदार आज चीन बनेको छ भने काजागिस्तान र तुर्कमेनिस्तानको हकमा चीन सबभन्दा ठूलो व्यापार साझेदार बनेको छ । गहिरिँदै विविधतायुक्त आर्थिक सहकार्य

सन् २०१३ मा चिनियाँ सामाजिक विज्ञान प्रतिष्ठान (सीएएसएस)ले केन्द्रीय एयिाली देशहरूको विकासबारे सार्वननिक गरेको प्रतिवेदनमा चीन र केन्द्रीय एसियाली देशहरूबीच व्यापार, वित्त र लगानीजस्ता क्षेत्रहरूमा सहकार्य फैलिरहेको र त्यस्तै खाले सहकार्य कृषि, उत्पादन, उच्च प्रविधि र नवीकरणीय उर्जा उद्योगमा पनि गति लिइरहेको लेखिएको छ ।

दुई पक्षीय उर्जा सहकार्य प्राथमिकतामा छ । सन् २००६ मा चीन-किर्गिस्तान तेल पाइपलाइनको औपचारिक शुरुवात भयो । यो पाइपलाइनको कुल लम्बाई १ सय किमिभन्दा लामो छ । यसमार्फत् हालसम्म ५ करोड टन अप्रशोधित तेल चीन पुऱ्याइसकेको छ । त्यस्तै पश्चिममा तुर्कमेनिस्तान र उज्वेगिस्तानको सिमानाबाट शुरु भएर उज्वेगिस्तानको केन्द्रय भाग छिचोल्दै दक्षिणी, काजागिस्तानसम्म फैलिएको १० हजार किमि लामो चीन केन्द्रीय एसिया प्राकृतिक ग्यास पाइपलाइ सन् २००९ मा शुरू भए यता ५० अर्ब क्युबिक मिटर ग्यास चीन पुऱ्याएको छ । तुर्कमेनिस्तान चीनको लागि सबभन्दा ठूलो ग्यास आपुर्तिकर्ता भएको छ । चीनले आयात गरिरहेको कूल ग्यासमध्ये ५१ प्रतिशत आपुर्ति तुर्कमेनिस्तानबाट हुने गरेको छ ।

'केन्द्रीय एसियाली दशहरूसँग चीनको उर्जा सहकार्य रणनीतिक रूपमा महत्वपूर्ण छ' चिनियाँ सामाजिक विज्ञान प्रतिष्ठानअन्तर्गत चिनियाँ सिमावर्ती इतिहास र भूगोल अनुसन्धान केन्द्रका निर्देशक सिन् क्वानछेन (ÅKng Guangcheng) ले भने । चीन-केन्द्रीय एसिया ग्यास पाइपलाइनले धेरै देशहरूलाई फाइदा पुऱ्याएके छ, आयातकर्ताको रूपमा चीन एक्लैलाई मात्र यसले सहयोग गरेको छैन बरु पाइपलाइनको बाटा् बनेका काजागिस्तान र उज्वेगिस्तानलाई पनि यसले फाइदा गरेको छ । आफ्नो भूमिबाट पाइपलाइन लगेवापत काजागिस्तान र उज्वेगिस्तानले आर्थिक लाभ लिने गरको छ ।

सी जिनपिङको तुर्कमेनिस्तान भ्रमणका क्रममा दुई पक्षबीच चीन-केन्द्रीय एसिया ग्यास पाइपलाइनको लाइन सीको निर्माणलाई गति दिने र सन् २०१६ सम्ममा पाइपलाइनको लाइन डीको निर्माण सम्पन्न हने सुनिश्चित गर्न निर्माण कार्यथालनी गर्ने सहमति भएको छ । सन् २०२० सम्ममा तुर्कमेनिस्तानबाट वार्षिक ५० अर्ब क्युबिक मिटर प्राकृतिक ग्यास चीन निर्यात गरिने अनुमान गरिएको छ ।

आफ्नो मध्यावधिक विकास कार्यनीतिक योजनामा एससीओले सन् २०१२ मा आफ्ना सदस्य देशहरूबीच वित्त, उर्जा र अन्तरसम्बन्धको क्षेत्रहरूमा सहकार्य बलियो बनाउन र त्यसे गर्दा सुनिश्चित संयन्त्रको लागि आर्थिक बन्दोबस्त गर्ने तथा सदस्यहरूको पारवहन क्षमतालाई विस्तार गर्ने प्रस्ताव गरेको थियो ।

चीनले केन्द्रीय एसियाली देशहरूसँग रेमार्ग, राजमार्ग, उड्डयन, दुरसञ्चार, विद्युत प्रसारण लाइन तथा उर्जा पाइपलाइनमा अन्तरसम्बन्ध विकासको लागि सक्रियतापूर्वक काम गरिरहेको छ । यसैबीच चीनले केन्द्रीय एसियाली देशहरूसँग बन्दोबस्तीका सामग्री, मानिसहरूको परिचालन, मुद्रा प्रवाह र सूचना प्रवाहमा सहकार्य विस्तार गरिरहेको छ । सन् २०१२ मा भएको एससीओको शिखर सम्मेलनमा चीनले केन्द्रीय एसियाली देशहरूलाई रेलमार्ग, राजमार्ग, अप्टिकल तारका साथै तेल तथा प्राकृतिक ग्यास पाइपलाइनका लागि पूर्वाधार निर्माणका लागि १० अर्ब अमेरिकी डलर ऋण सहायता दिने प्रतिबद्धता व्यक्त गऱ्यो । यसै बीच केन्द्रीय एसियाली देशहरूमा राजमार्ग, दुरसञ्चार र उर्जा बन्दोबस्तीका पूर्वाधार निर्माणमा धेरै चिनियाँ कम्पनीहरूले ठेक्का पाएका छन् ।

'प्राचीनकालमा रेशममार्गमा यातायातको साधन उँट र घोडा हुने गर्थे । आजभोलि राजमार्ग, रेलमार्ग, तेल तथा ग्याँस पाइपलाइनका साथै हवाइमार्ग आदिले विविधतायुक्त बहुमुखी आधुनिक रेशममार्ग बनाएको छ', सीएएसएस रुस, पूर्व युरोपेली तथा केन्द्रीय एसियाली अध्ययनअन्तर्गत केन्द्रीय एसियाली अध्ययन विभागका निर्देशक ऊ होङवेले भनिन् ।

केन्द्रीय एसियाली देशहरूले वित्तीय क्षेत्रमा चीनसँग दुई पक्षीय सहकार्यको ठूलो अपेक्षा गरेका छन् । काजागिस्तानमा चीनको कूल लगानी २० अर्ब अमेरिकी डलर भन्दा बढी पुगिरकेको छ र विभिन्न रूपका ऋण सहायता ३० अर्ब नाघिसकेको छ । सन् २०१२ मा चीनले केन्द्रीय एसियाली देशहरूलाई जम्माजम्मी ४५ करोड आरएमबी अनुदान स्वरूप प्रदान गरेको थियो ।

चिनियाँ अन्तर्राष्ट्रिय अध्ययन प्रतिष्ठानअन्र्गत केन्द्रीय एसियाली अध्ययन विभागका निर्देशक छेन योरोङ् (ऋजभल थाचयलन) ले दुई पक्षीय मौद्रिक दर निर्धारण र चालू खाता तथा पुँजीगत खातामा स्थानीय मौद्रिक व्यवस्थापनलाई सकेसम्म चाँडो कार्यान्वयनमा ल्याउनु पर्ने विचार व्यक्त गरेका छन् । त्यसो गरे मौदि क सतही दरसँग जोडिए आउने खतरा र न्यून विवरण लागतको समस्याबाट बीचको दलाली भाग घटाएर बच्न सकिनेछ । वित्तीय अवरोध हटाउन सके व्यापार र लगानीमा ठूलो मद्दत हुने गर्दछ ।

सन् २०१३ को सेप्टेम्बर २६ मा सियानमा आयोजित एउटा सम्मेलनले विशेष सीओए विकास बैङ्क स्थापनाको आवश्यकतालाई प्राथमिकता दिइयो । सहुआयामिक क्षेत्रीय सहकार्यतर्फ अघि बढ्न नयाँ महत्वपूर्ण र दीर्घकालीन चालक शक्ति विकासको आवश्यकतालाई त्यो बैङ्कले पूरा गर्ने आशा गरिएको छ ।

**वचनबद्ध भविष्य**

रेशममार्गलाई ब्यूँताउने सपनाले जोडिए आउने कुनै पनि देशलाई कहिल्यै उपेक्षा गरेको छैन । सन् २००७ को नोभेम्बरमा ताजगिस्तानको दसचाम्बेमा केन्द्रीय एपसयाली क्षेत्रीय आर्थिक सहकार्यको छैटौं मन्त्रीस्तरीय बैठक भयो । सो बैठकले १८ अर्ब अमेरिकी डलर बराबरको रणनीतिक योजना पारत गऱ्यो । उक्त योजनाअन्तर्गत प्राचीन रेशममार्गकै भूमिका खेल्न सक्ने आधुनिक रेशममार्ग बनाउने तथा राजमार्ग, रेलमार्ग, हवाई यातायात र जलमार्गको सञ्जाल विकासमा सुधार गरेर केन्द्रीय एसियालाई युरोप र एसियासँग जोड्ने व्यापार केन्द्र बनाउने लक्ष्य लिइएको छ ।

'रेशममार्ग आर्थिक क्षेत्र विकास गर्ने प्रस्ताव कुनै स्वैरकल्पना होइन', ऊ होङ वेले भने । तुर्कमेनिस्तानका लागि चीनका दोस्रो राजदुत यिन सोङलिनलाई सन् २०१३ को मार्च महिनामा तुर्कमेनिस्तानमा आयोजित 'बृहत् रेशममार्ग कुटनीतिः इतिहासदेखि भविष्यसम्म' विषयक विचार गोष्ठीमा आमन्त्रण गरियो । त्यहाँ उनले भने 'तुर्कमेनिस्तान पनि रेशममार्ग पुनःजीवित गर्न चाहन्छ ।' त्यस्ता गतिविधिले रेशममार्ग आर्थिक क्षेत्र बनाउने सी जिनपिङको प्रस्तावलाई बल पुऱ्याएको छ । 'रेशममार्गलाई पुनःजीवित गर्ने सपना धेरै वर्षदेखि केन्द्रीय एसियाली देशहरूले चाहेको सपना हो । आफ्नो स्वाधीनता प्राप्तिसँगै ती देशहरूले युरेनियन क्षेत्रमा अवस्थित आफ्नो भौगालिक विशिष्टताको पूर्ण उपयोग गर्न चाहेका थिए । यो प्राचीन रेशममार्गको पुनःजीवन उनीहरूको आर्थिक विकासको आशामा महत्वपूर्ण विकास रणनीति हो', ऊले भनिन् ।

चीन र केन्द्रय एसियाबीच आर्थिक परिपूरक अवस्था विद्यमान छ । यसले आर्थिक विकास र व्यापार सहकार्यको सम्भावनालाई अझ विस्तार गरेको छ । उर्जा सहकार्यबाहेक दुई पक्षबीच कृषि र लेगा-लत्ताको क्षेत्रमा पनि सहकार्यको ठूलो सम्भावना छ । उज्वेगिस्तान र तुर्कमेनिस्तान कपासमा धनी देशहरू हुन् भने चीनले कृषि तथा कपडा उद्योग प्रविधिमा महत्वपूर्ण उपलब्धि हासिल गरिसकेको छ ।

तथापि छेन युरोङका अनुसार केन्द्रीय एसियाली देशहरूको असमान आर्थिक विकासका कारण बहुआयामिक आर्थिक सहकार्यमा उनीहरूका मागहरू भने फरक फरक छन् । 'काजागिस्तान केन्द्रीय एसियामा उच्च विकसित आर्थिक शक्ति हो भने ताजगिस्तान र किर्गिस्तान तुलनात्मक रूपमा कमजोर छन् । आर्थिक सामर्थ्यमा ठूलो असमानताले क्षेत्रीय आर्थिक एकीकरण र बहुआयामिक आर्थिक सहकार्यमा नयाँ चनौति थपिदिएको छ', ऊले भनिन् । यद्यपि उनी चीन र केन्द्रीय एसियाबीचको आर्थिक सहकार्यको भविष्यबारे भने अझै आशावादी छिन् ।

स्रोत : China and Central Asia:
Bright Prospects for Economic Co-operation
CHINA TODAY
Vol.63 No.1, January 2014

# भूराजनीतिक स्वरूपमा विश्वव्यापी परिवर्तन

भाकपा (माओवादी) को सर्कुलर नम्बर १, २०१७

('चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्ति' को ५० औं वार्षिकोत्सवका सन्दर्भमा भारतीय कम्युनिस्ट पार्टी (माओवादी) ले आफ्नो वैचारिक प्रकाशन 'पिपुल्स वार' प्रकाशनमा ल्याएको छ । यसमा 'चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्ति' सम्बन्धी महत्वपूर्ण रचनाहरूका साथै त्यसमा वर्तमान विश्वपरिस्थिति र सर्वहारा क्रान्तिको चरित्रका बारेमा विश्लेषण गरिएको छ । साथै कार्यकर्ताको प्रशिक्षण र निर्देशनका लागि प्रस्ताव र परिपत्रका रूपमा केही महत्वपूर्ण सामग्री पनि प्रकाशित गरेको छ । यसैअन्तर्गत एउटा सामग्रीको शीर्षक 'वर्तमान परिस्थिति र हाम्रा कार्यभारहरू' रहेको छ । यसमा अन्तर्राष्ट्रिय परिस्थितिका साथै भारतीय घरेलु स्थितिको पनि व्याख्या, विश्लेषण र संश्लेषण गरिएको छ । तीन भाग अन्ताराष्ट्रिय परिस्थिति', घरेलु परिस्थिति र 'उपसंहार' मा विभाजित लामो रचनाको हामीले 'चर्कंदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आधारभूत अन्तर्विरोधका कारण क्रान्तिका लागि अनुकूल स्थितिमा वृद्धि' शीर्षकअन्तर्गत ' अन्तर्राष्ट्रिय परिस्थिति' को अनुवाद प्रस्तुत गरिएको छ ।)



चर्कंदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आधारभूत अन्तर्विरोधका कारण क्रान्तिका लागि अनुकूल स्थितिमा वृद्धि

**अन्तर्राष्ट्रिय परिस्थिति**

अन्तर्राष्ट्रिय तहमा आधारभूत अन्तर्विरोध साम्राज्यवाद र उत्पीडित राष्ट्रहरू र जनताबीचको अन्तर्विरोध, साम्राज्यवादी र ुँजीवादी मुलुकहरूमा पुँजीपति वर्ग र सर्वहारा वर्गबीचको अन्तर्विरोध र साम्राज्यवादी शक्तिहरूबीचको अन्तर्विरोध दिनप्रतिदिन तीव्र बनिरहेका छन् । फलस्वरूप केही महत्वपूर्ण परिवर्तन र प्रवृत्तिहरू अन्तर्राष्ट्रिय तहमा देखा परिरहेका छन् । ती हुन् :

१. सन् ७० को दशकदेखि आर्थिक मन्दीका रूपमा पुँजीवादमा निरन्तर देखापरेको आम सङ्कटको भोगाइमा परेको अमेरिका आर्थिक दृष्टिले बिस्तारै कमजोर हुँदैछ । यो खास गरेर सन् २००८ को घरेलु ऋण सङ्कटपछि बढी नै कमजोर बनेको देखियो । अहिले अमेरिका, रुस र चीनबीच राजनीतिक र सैन्य क्षेत्रमा बढ्दो प्रतिस्पर्धा देखिएको छ ।

२. साम्राज्यवादी र पुँजीवादी मुलुकहरूमा आर्थिक क्षेत्रमा संरक्षणवाद र राजनीतिक क्षेत्रमा रङ्गवाद (जातिवाद) र फासिवादको बढोत्तरी भइरहेको छ ।

३.पछि परेका मुलुकहरूको साधनस्रोत र बजार कब्जा गर्न साम्राज्यवादी मुलुकहरूबीच प्रतिस्पर्धा तीव्र बनिरहेको छ ।

४.अहिलेसम्मको महाशक्ति अमेरिकी साम्राज्यवाद आफ्नो स्थिति सुदृढ बनाउन प्रयासरत छ । रुसी साम्राज्यवाद आफ्नो प्रभाव क्षेत्रलाई कायम राख्न प्रयासरत छ । चीन साम्राज्यवादी मुलुकका रूपमा विकसित भएको छ र विश्वको पुनर्विभाजनका लागि गम्भीर प्रयास गरिरहेको छ । त्यसकारण अमेरिकी महाशक्तिसित यसको अन्तर्विरोध चर्केको छ । विश्वको पुनर्विभाजनका लागि अमेरिका र चीनबीच चर्केको अन्तर्विरोधकै कारण भूराजनीतिक स्वरूपमा विश्वव्यापी परिवर्तन आएको छ । युरोपमा कसले प्रभुत्व कायम गर्ने भन्ने कुरामा पनि जर्मनी र फ्रान्सबीच तँछाडमछाड छ ।

**साम्राज्यवाद तथा उत्पीडित राष्ट्रहरू र जनताबीचको अन्तर्विरोध**

साम्राज्यवादी मुलुकहरूले पछि परेका एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका मुलुकहरूको साधनस्रोत र बजार मनपरी किसिमले दोहन गरिरहेका छन् । साम्राज्यवादीहरू, खासगरेर अमेरिकी साम्राज्यवाद आफ्ना एजेन्टहरू, दलाल नोकरशाही पुँजीपतिहरू तथा जमिनदारहरूमार्फत पछि परेका मुलुकहरूमा आफ्नो भूमण्डलीकरणको नीतिलाई निर्बाध रूपमा लागू गरिरहेका छन् । उनीहरूको निर्देशनको अवज्ञा गर्ने मुलुकहरूलाई उनीहरूले युद्धमा फसाइरहेका छन् । अमेरिकाले पश्चिम एसिया र मध्यएसियाका अफगानिस्तान, इराक र सिरिया, अफ्रिकाका लिबिया, सोमालिया, माली तथा अन्य मुलुकहरूलाई युद्धमा फसाइरहेको छ । आणविक हतियार राखेको बहाना बनाएर आर्थिक नाकाबन्दी लगाएर अमेरिकाले इरान र उत्तरकोरियालाई उसका सामु भुक्न दबाब दिइरहेको छ । अमेरिका, पश्चिम युरोपेली मुलुकहरू, रुस र चीन विश्वभरि भूमण्डलीकरणका नीतिहरूलाई लागू गरिरहेका छन् । पछि परेका मुलुकहरूमा अर्धसामन्ती तथा अर्धऔपनिवेशिक स्थिति यथावत् छ । त्यसैले ८० करोड जनता उच्च गरिबीको जीवन बाँचिरहेका छन् । अर्धसामन्ती तथा अर्धऔपनिवेशिक मुलुकहरूमा भयावह गरिबी छ । विश्वको उच्च गरिबीमा रहेका जनतामध्ये ७५ प्रतिशत जनता किसान समुदायका छन् । आठ लाखभन्दा बढी जनता सफा पिउने पानीबाट वञ्चित छन् । तिनीहरूमध्ये २० प्रतिशतको मात्र बिजुलीमा पहुँच छ । लाखौं जनता साम्राज्यवादी युद्ध, जबर्जस्ती विस्थापन, महामारी, भोकमरी र बेरोजगारीको भयावह मारमा परेका छन् ।

पाँच वर्षभन्दा बढीको साम्राज्यवादी हस्तक्षेपका कारण ४,७०,००० बढी नागरिकको मृत्यु भएको र २० लाख जनता घाइते भएका छन् । युद्धले गर्दा लाखौं जनता विस्थापित भएर छिमेकी मुलुकहरू युरोपेली मुलुकहरूमा निर्वासित भएका छन् । डेढ दशकदेखिको अफगानिस्तान, इराक, लिबिया र अन्य मुलुकहरूमा भएको साम्राज्यवादी हस्तक्षेपकारी युद्धका कारण लाखौं नागरिकको मृत्यु भएको छ, लाखौं घाइते भएका छन् र लाखौं मान्छे छिमेकी मुलुक र युरोपेली मुलुकहरूमा निर्वासित भएका छन् । यो सङ्ख्या बढ्दो छ । लिबिया र सिरियाको सिमानाबाट युरोपका विभिन्न मुलुकहरूमा निर्वासित हुनेहरूको सङ्ख्या निकै ठूलो छ ।

भेनेजुयलाको ह्युगो चाबेज र क्युबाका फिडेल क्यास्ट्रोको मृत्यु, क्युबाको मध्यस्थमा कोलम्बियाको छापामार सङ्घर्ष सङ्गठन 'फार्क' द्वारा

... बाँकी पृष्ठ ७ मा

# निर्वाचनले उत्पन्न गरेका अनुभूतिहरू

*मैले कुराको सुरुआत गर्न नपाउँदै बुबा भक्कानिएर बरर्र आँसु खसाल्दै रुँदै भन्न थाल्नुभयो– हिजो तपाईंले बाचाकसम खाएको भुल्नुभयो ? जनताको जनवादी सत्ता नआएसम्म लडिरहनेछौँ र सहिदहरूले बगाएको रगतको मूल्य खेर जान दिनेछैनौँस् उहाँहरूका अधुरा सपना पूरा गरिछाड्नेछौँ भनेको ? हिजो हामीलाई रुवाएको र आजसम्म रुवाउँदै गरेको आँसु फिर्ता दिनुहोस् । आँखाबाट आँसु त्यसै झर्दैनन् कि आँखामा चोट लागेर झर्छन् कि मुटु भक्कानिएर झर्छन् ।*



शक्ति विक 'हिमसिखर'

महान् जनयुद्धको वार्षिक उत्सवको ऐतिहासिक अवसर पारेर सर्वहारा वर्गको गौरवशाली अग्रदस्ता क. विप्लवले नेतृत्व गरेको नेकपा (माओवादी) ले २०७३ फागुन १ गते काठमाडौँको खुला मञ्चमा हजारौँ जनसागरका बीच भव्य रूपमा आठौँ महाधिवेशन उद्घाटन गरेको थियो । जनयुद्धको उद्गम थलो, आस्था, वीरता र बलिदानको केन्द्र ऐतिहासिक गाउँ रोल्पाको थबाङमा आफ्नै श्रम, सीप र लगानीमा सुन्दर बनाएर सजिएको भव्य रातो हलमा महाधिवेशनको बन्दसत्र सञ्चालन भैरहेको थियो । नेपालमा एकीकृत जनक्रान्तिको माध्यमबाट कसरी वैज्ञानिक समाजवाद स्थापना गर्न सकिन्छ ? भन्ने विषयमा पार्टी गहन बहस र छलफलमा केन्द्रित थियो । यसैबीच दलाल संसदीय व्यवस्थाको नेतृत्व गरिरहेको प्रचण्ड सरकारले हठात् मनस्थितिमा २०७४ वैशाख ३१ गते सम्पन्न हुने गरी पुरानोस्बूढो कुहिएर धमिरा लागेको संसदीय व्यवस्थालाई पुनर्जीवन दिने गरी बनेको संविधान कार्यान्वयनको सिलसिलामा कथित स्थानीय तहको निर्वाचनको घोषणापछि हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीको (स्मरण रहोस् पार्टीको ऐतिहासिक महाधिवेशनले पार्टीको नाम ने.क.पा. राख्ने निर्णय गरेको थियो) फागुन २८ देखि चैत ३ सम्म बसेको केन्द्रीय समितिको बैठकले दलाल तथा भ्रष्टाचारीलाई वैधानिक बनाउने प्रक्रिया मात्र भएको र असफल सिद्ध संसदीय व्यवस्था नेपाली जनतालाई अफापसिद्ध भएकोस् यसको ठाउँमा वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्ने निष्कर्षसहित कथित स्थानीय निर्वाचनलाई खारेज गर्ने घोषणा गरेको थियो ।

उक्त निर्णय कार्यान्वयन गर्ने क्रममा देशव्यापी रूपमा सञ्चालन गरिएको 'एकीकृत जनजागरण तथा प्रतिरोध अभियान' लाई महेन्द्रनगर, धनगढी, सुर्खेत, चितवन र बुटवलमा भएका बृहत् जनसभालाई कथित लोकतान्त्रिक सरकारले प्रतिबन्ध लगाउने, शान्तिपुर्ण जुलुसलाई रोक्ने, जनसभामा आउन लागेका गाडीहरूलाई बाटोमै रोकी चाबी थुतिदिने, धरपकड गर्ने, लाठीप्रहार गर्ने, जनसांस्कृतिक कार्यक्रम र जनसभाका लागि बनाइएका मञ्चहरू घेराउ गरी नेता, कार्यक्रतालाई छानीछानी पक्राउ गर्ने र झूट्टा मुद्दा लगाउनेजस्ता भद्दा र निरङ्कुश पञ्चायती व्यवस्थाको पुनरावृत्ति हुने गरी राज्यले दमन र आतङ्क चलाइरहेको थियो । यसैबीच 'जहाँ दमन हुन्छ त्यहाँ प्रतिरोध हुन्छ' भन्ने माओवादी मान्यतालाई आत्मसाथ गरी वैशाख ३१ गतेको कथित प्रथम चरणको स्थानीय तहको निर्वाचनलाई खारेजीका लागि पार्टीको सेती ब्युरोको ०७४ वैशाख २२ गते बसेको तेस्रो विशेष बैठकले बाहिर कार्यक्षेत्र भएका सबै नेता, कार्यकर्ता सम्बन्धित गृहक्षेत्र फर्कने पार्टी केन्द्रको निर्णयबमोजिम मलाई मेरो गृहक्षेत्र कालीकोट जाने निर्णय गर्‍यो ।

सेती ब्युरो इन्चार्ज क. सिकन्दरको निर्देशनमा अर्थ विभाग प्रमुख क. विवेक कुमालले भाडाको बन्दोबस्त मिलाइदिनुभयो र मेरो यात्रा २३ गते धनगढीबाट कालीकोटतिर प्रारम्भ भयो ।

लालीघाट बजारमा पसल गरी बसेका मेरा पुराना मित्र, जनयुद्धका सहयात्री क निर्मोही सान्निगाडमा पसल गरी बस्नुभएको रहेछ । माओवादी विभाजनबाट आजित हुँदै जनता, पार्टी र क्रान्तिलाई धोका भएको निष्कर्षसहित बाबुरामको कथित नयाँ शक्ति पार्टीमा आफ्नो समर्थन रहेको ठट्यौली अभिव्यक्ति प्रस्तुत गर्नुभयो । साँझ परिसकेको र हावाहुरी चलेका कारण मलाई त्यहीँ बास बस्न आग्रह गर्नुभयो । मलाई पनि 'के खोज्छस् आँखो' जस्तै भयो र त्यो रात त्यहीँ बास बसेँ ।

बैनी सङ्गती (जनयुद्धकालमा चुली जनसांस्कृतिक परिवारकी सदस्य हुनुहुन्थ्यो, हाल निर्मोहीकी जीवनसंगिनी) ले घरेलु राता चामलको भात, मासको दाल र साग पकाउनुभयो । जनयुद्धका आँधीमय यात्राको स्मरण गर्दै मीठो गरी खायौँ । रात ढल्किँदासम्म बस्यौँ र स्मृतिका पानामा अमिट छाप बनी बसेका विगतका दृश्यहरू खोल्यौँ । निर्मोहिले भावविभोर हुँदै भन्नुभयो, ' हाम्रो सपना यो थिएन । सपना वास्तवमा सपना नै हुँदोरहेछ । यसलाई हामीजस्ता सोझाले विपना सम्झनु भूल हुँदोरहेछ । आज जनयुद्धको त्यति महान् सपना कहाँ हरायो कहाँ,सपनाको खेती गरेर आश्वासनका गुलिया पोका बाँड्ने नेताहरू आलिसान महलमा विलासिताको जीवन जिइरहेका छन् । आज हामी जनयुद्धलाई स्वर्ग र मुक्तिको सपना ठान्ने कार्यकर्ताहरू कोही अरबको खाडीमा छन्, कोही कता छन् कता भने कोही सामाजिक तिरस्कारको जीवन बाँचिरहेका छन् । सहिद परिवार, बेपत्ता परिवार र घाइते योद्धाहरू अभाव, अवहेलना र अपमानको भारी खेपिरहेका छन् । आज दलित, महिला, उत्पीडित जनताका समस्या जहाँको त्यहीँ छन् । हिजो म एक्लो थिएँ, आज मेरो साथमा जीवनसंगिनी, एक छोरा र एक छोरी छन् । आमा, बाबा वृद्ध हुँदै गएका छन् । हातमुख जोर्न कठिन छ । क्रान्ति त कहाँ पूरा भएको छ र ? अधुरो छ र आवश्यक पनि छ तर यस्तै पारिवारिक समस्याको गाँठोले झन् कस्दैछ' भन्दै सैद्धान्तिक र वैचारिक हिसाबले मेरो विचारमाथि समर्थन जनाउनुभयो । मनका गन्थन त मेटिएका थिएनन् तर रात बैँसालु भैसकेकाले आँखाका दुई परेलाको भेट गरायौँ ।

बिहान सबेरै उठेर सिकु धमालीतिरको यात्रा सुरु गरेँ । गाउँ चुनावी सरगर्मीले तातिरहेको थियो । जित आफ्नो पक्षमा पार्न जनतालाई गुलिया आश्वासनका माला पहिराइरहेका थिए स्वार्थीहरू । यसबेला धनुषबाणझैँ निहुरिरहेका थिए भोट माग्नेहरू । जनता भने असारमा रोप्ने धानका बिउसमेत राख्न नपाएको र दिनदिनै आउने प्रचार टोलीका आश्वासनका नाराले हैरान भएको अनुभूति सुनाउँदै थिए । कोही खसी काट्दै थिए, कोही भातभान्सा चलाउँदै थिए, कोही रक्सीको मातले हल्लिँदै पार्टीको झन्डा समाई बाटोछेउमा पल्टिरहेका थिए । बडो विचित्रको दृश्य देखिँदै थियो ।

मेरो पहिलो भेट काँग्रेसको प्रचार टोलीसँग भयो । सबैलाई नमस्कार गरेँ । मेरो आगमनले केही आशंका केही उत्सुकता र केही भरोसाको मनोभाव प्रस्ट देखिन्थ्यो । मैले वडा अध्यक्षका उम्मेदार चक्र कठायतलाई सोधेँ, 'तपाईंले चुनाव जित्नुभयो भने के गर्नुहुन्छ ?' उनले नरम स्वरमा भने, ''मैले चुनाव जितेँ भने नौमुलेको पानी सिँचाइ कुलो बनाई धमाली ज्युलासम्म पुर्‍याउनेछु र सिँचाइ गरी हराभरा बनाउनेछु । त्यसपछि त यहाँका जनताको जीवन पनि हराभरा हुनेछ... । उनले आफ्नो कुरा टुङ्ग्याए । मैले कथित स्थानीय चुनाव खारेजीको अर्थ र औचित्य प्रस्ट पारेँ, ' भोट हालेर जनताको सत्ता परिवर्तन भएको विश्वमा कहीँ पनि उदाहरण छैन र नेपाल पनि यसको अपवाद हुन सक्दैन । इतिहासमा हाम्रा पुर्खाले धेरैपटक आफ्नो मताधिकारको प्रयोग गरिसके तर जनताको जीवनस्तर जहाँको तहीँ छ । जनजीवन अस्तव्यस्त छ । हाम्रो पिठ्युँको भारी हटेको छैन । गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारजस्ता आधारभूत आवश्यकताका साथै महिलामाथिको लैङ्गिक उत्पीडन, दलितमाथिको जातीय विभेद जस्ताको तस्तै छ । श्रमचोर लुटेराहरू लुटेको लुट्यै छन् । स्थानीय जालीफटाहाहरूको गुन्डाराज अन्त्य भएको छैन । भ्रष्टाचार, कालोबजारी र दलालीकरण झन्झन् मौलाइरहेको छ । यो चिहानमा पुगेको संसदीय व्यवस्थालाई पुनः फर्काएर जादुको छडीझैँ यी सबै समस्याको हल हुने त होइन ? यी र यस्ता समस्याको दीर्घकालीन समाधान वैज्ञानिक समाजवादले मात्र गर्नसक्छ ।' मैले यसो भन्दै गर्दा जनता समर्थनको भाव व्यक्त गरिरहेका थिए ।

भेटघाट गर्दै साँझपरेपछि घर गएँ । तीनबिसे उकालो लागेका आमाबुबाको चाउरी परेको अनुहारमा खुसीका रेखा मुस्कुराइरहेका थिए मेरो आगमनले । बुबाले भैँसी दुहुनुभयो । आमाले रातो चामलको भात र सिमीको दाल पकाउनुभयो । आमाबुबाको ममता मिसिएको भैँसीको दूधसँग अर्गानिक खानाको स्वादै बेग्लै । बुबाले गाउँमा चुनावी दलहरू भोट माग्न आएर सताएको वर्णन गर्दै उनीहरूलाई आफूसँग भोट माग्न आउने हिम्मत र हैसियत नभएको, अब जनता सामन्ती र पञ्चायती कालका जस्ता लाटा र सोझा नरहेको अनि जनयुद्धको प्रशिक्षणले सचेत र चेतनशील भैसकेको बताइदिएको सुनाउनुभयो । लामालामा राजनीतिक र पारिवारिक कुराकानीले गर्दा त्यो रात पनि अबेर मात्रै निद्रालाई आगमन गरायौँ ।

भोलिपल्ट बिहानै नाताले मेरा मामा लाग्ने, जनयुद्धका एक योद्धा, हाल माओवादी केन्द्रका वडाध्यक्षका उम्मेदार कल्याण चुनावी मौसममा माओवादी बनेकाहरूका साथमा ओछ्यानमै भेट्न आइपुग्नुभयो । निद्राले अँगालो छोड्न मानेको थिएन । जबरजस्ती आँखाका परेला खोलेँ र हाई काढ्दै ब्युँझिएँ । सँगै ज्युने र सँगै मर्ने प्रेमजोडीको जस्तो सम्बन्ध थियो हाम्रो, पारिवारिक सम्बन्ध पनि उत्तिकै प्रगाढ थियो । जनयुद्धका आँधीमय यात्राका कहालीलाग्दा दिनहरूले झन् गाढा बनाएको थियो सम्बन्धलाई । जनयुद्धकालमा खाँदाखाँदै र पिउँदापिउँदै पनि युद्ध लडिरहेको छोराको शोक र चिन्ताले ज्युँदै हाडमासु सुकेर सकिन लागेकी मेरी आमालाई चिनीपानी खुवाएर पुनर्जीवन दिएको उहाँले नै हो । मेरो साखै मावली घर कर्णालीपारि फुकोट गाउँको थोल्म भन्ने ठाउँमा हो । केटाकेटीमै मामा बितेकाले उहाँले नै मेरी आमालाई भाइ बिर्साइदिनुभएको हो र हामी पाँच भाइबैनीलाई मामा । हामी सम्झने नहुँदासम्म मावली घर कर्णालीपारि हो भन्ने थाहा थिएन । यति गहिरो र प्रिय भावानात्मक सम्बन्धको कसिलो गरी बाँधिएको डोरीलाई विचार र सिद्धान्तको अग्लो पहाडले चुँडिदिएको थियो । देशमा लोकतन्त्रका नाममा निरङ्कुश फासिवादको पुनरावृत्ति हुँदै थियो । क्रान्तिकारीहरूलाई वारेन्ट जारी गर्नेस् धरपकड गर्नेस् गिरफ्तार गर्नेस् बेपत्ता पार्ने र हत्या गर्ने क्रमको बादल मडारिइरहेको थियो । उहाँ त्यो व्यवस्थाको हिमायती बनेर भोट माग्न आउनुभएको थियो भने म उक्त व्यवस्थाको विरोधी ।

मैले कुराको सुरुआत गर्न नपाउँदै बुबा भक्कानिएर बरर्र आँसु खसाल्दै रुँदै भन्न थाल्नुभयो- हिजो तपाईंले बाचाकसम खाएको भुल्नुभयो ? जनताको जनवादी सत्ता नआएसम्म लडिरहनेछौँ र सहिदहरूले बगाएको रगतको मूल्य खेर जान दिनेछैनौँस् उहाँहरूका अधुरा सपना पूरा गरिछाड्नेछौँ भनेको ? हिजो हामीलाई रुवाएको र आजसम्म रुवाउँदै गरेको आँसु फिर्ता दिनुहोस् । आँखाबाट आँसु त्यसै झर्दैनन् कि आँखामा चोट लागेर झर्छन् कि मुटु भक्कानिएर झर्छन् । म हिजोका कहालीलाग्दा दिन सम्झिरहेको छु । हिजो तिमीहरूकै शोक र चिन्ताले ज्युँदै सुक्यौँ र मरेतुल्य भयौँ । ससुरा (कल्याणका बुबा) आज यो दिन देख्न नपाउँदै बित्नुभयो । तिमीहरूलाई हुर्काउनबढाउन कति कठिनाइ भोग्नुपरेको थियो ससुरा र मैलै । तिमीहरू हिँडेको बाटो सही छ भन्ने लागेको थियो । के आज सबै पूरा भए ? खै कहाँ आयो गणतन्त्र ? आज लोकतन्त्रका नाममा गाउँमा जुवास् तास र रक्सीका बोतल आएका छन् र मानिस झन् गरिब हुँदै गैरहेका छन् । पीडा र गरिबी झन् थपिएको छ । यसो भन्दै उहाँले आफ्ना भावना पोख्नुभयो ।

अनपढ र असाक्षर भए पनि ज्ञानगुन र इतिहासका कुरा पूरै कण्ठस्थ छन् बुबालाई । रसिला-रसिला उखानटुक्कासहित नाजबाफ पार्ने कला जन्मजात छ उहासँग । भोट माग्न आएका उम्मेदवार वैचारिक र सैद्धान्तिक असहमतिको भावनात्मक जबाफ पाएपछि नतमस्तक भएर फर्किनुभयो । म भने घाम ढल्किसकेकाले आफ्नो कामतिर लागेँ ।

## कविता

### मित्र हौ कस्ता तिमी !



अग्निराज पौडेल 'अराप'

चिन्न सकिनँ तिमीलाई मित्र हौ कस्ता तिमी !
देखाउँछौ अभिनय आत्मीय मित्रको तिमी !

पीडालाई मित्रको ठाने आफ्नै चोट शरीरको
मुक्त गर्न दासताबाट क्रूर ती फिरङ्गीको
जुटेथे काँधमा काँध मिलाई लालाबाला मेरै कोखको ।

अर्को छिमेकीले तिमीमाथि गर्दा प्रहार बुटको
मेरा सन्तानले पनि दिएथे आहुति जीवनको ।
सानालाई दास ठान्छौ, बन्छौ दास ठूला दलालको
फकाई-फकाई लुटी खाने बानी तिम्रो छ अचम्मको ।

चिन्न सकिनँ तिमीलाई मित्र हौ कस्ता तिमी !

फिरङ्गीका साथ लागी त्यो गैह्रीखेतै लुट्यौ
फूल रोप्ने बहानामा फूलबारी नै कब्जा गर्‍यौ
कुलो खनिदिने बहानामा जलसम्पदा पनि लुट्यौ ।
महेशपुर, सुस्ता, ठोरी सबै आफ्नो ठान्यौ
लिम्पियाधुरा र कालापानीमा आफ्नै किलो गाड्यौ
अर्को छिमेकी उचालेर लिपुलेक पनि माड्न थाल्यौ ।

चिन्न सकिनँ तिमीलाई मित्र हौ कस्ता तिमी !

मेरा यी हातगोडामा बिसैला नङ्ग्रा कति गाड्यौ
सुम्सुम्याएजस्तो गर्दै पिठ्युँमा छुरा पनि रोप्यौ
सोझोपनको फाइदा लिई पटक पटक मुटुमा सियो पनि रोप्यौ
अझै मेरा कुसन्तानलाई भड्काउँछौ बेलाबेलामा
कोही कपूत फसेका छन् तिम्रो धूर्त्याइँ र मीठो षड्यन्त्रमा
पारेका छौ डलर, भारु र कुर्सीको लालचमा ।

तर पनि
चिन्न सकिनँ तिमीलाई मित्र हौ कस्ता तिमी !
देखाउँछौ अभिनय आत्मीय मित्रको तिमी !

ठूलो भूमि, धेरै सन्तान दम्भ छ ठूलै शरीरको
आफूलाई बाघ ठानी गर्छौ हुइयाँ स्यालको
चिनिसकेँ तिम्रो हुइयाँ र ब्वाँसाको जस्तो चाल त्यो

छिःछिः गर्छन् छिमेकीले तिम्रो अहम् र दम्भको
नगरे हुन्छ चियो चर्चो तिमीले छिमेकीको
बेस हुन्छ टाल्दा भित्ता आफ्नै घर, गोठ र कटेराको ।

यतिचाहिँ बुझिराख
फरक हुन्छ साँच्चिकै मोटाउनु र सुन्निनुमा
हात्ती देख्दा ठूलै हुन्छ, शरीर पनि अजङ्गको
कमिलैले ढालिदिन्छ प्वालमा पसेपछि सुँडको ।

### भारत महिमा

लालकुमार 'समदर्शी'

सोझा मधेसीलाई भारतले
सधैँसधैँ बलिको बोको बनायो
जल, जमिन, जवानी कब्जा गर्न
कहिलेसम्म छल-प्रपञ्च गरिरहन्छ !

दलालको झुन्ड बनाएर
माकुराको जालोमा कहिलेसम्म फसाउने हो ?
मधिसेमाथि आतङ्कको गोली बर्साएर
आफ्नो स्वार्थ कहिलेसम्म साध्ने हो ?

सन् १६ मा अङ्ग्रेजले फोहोर थुपार्‍यो
अङ्ग्रेजको दास स्वयम् भारत
मधेसीलाई मुक्त गराउन सक्छ ?
सुरा-सुन्दरीमा लिप्त दूतावासले
नेपालमा झगडाको बिउ छरिरहन्छ
मधेसको काँधमा बन्दुक राख्न छोड्नुपर्छ

मधेसी-पहाडी द्वन्द्वको कारण भारतै हो
मधेसी सहायताको नारा झूठो हो
मधेसीको दाता भन्दै
मधेसीलाई विनासतिर धकेलिरहन्छ ।

मधेसी आफैं लड्नुपर्छ
मधेसी सद्भावको झन्डा
सगरमाथा शिखरमा गाड्न देऊ
रोटी-बेटी सम्बन्धलाई पवित्र रहन देऊ

बङ्गलादेशको रगत चाखेर हुँदैन
विशाल हृदयको अराधना किन गर्छौ ?
मधेसलाई टुकुचामा फालेर
भारत भक्षक भएको छ ।

दक्षिण सिमाना बचाउने मधेसी हो
लाखौं कहर सहेर मधेस हाँसेको छ
अर्कालाई खाल्डोमा धकेल्ने
आफैँ खाडलमा फस्न सक्छ ।

नगरवासीमा अनुरोध

जन्म, विवाह, बसाई सराइ, सम्बन्ध विच्छेद मृत्यु आदिको घटना दर्ता गरौं ।

२. बच्चा जन्मेको ३५ दिनभित्र दलित परिवारको बच्चाको जन्म दर्ता गर्दा १,०००/- पुरस्कार प्रदान गरिने छ ।
३. सार्वजनिक स्थलमा फोहोर नफालौँ । नगरलाई सफा राखौं
४. महिला हिंसा अन्त्यका लागि आ-आफ्ना ठाउँबाट काम गरौं ।
५. कौशी खेतीको प्रवर्द्धन गरौं ।
६. जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।
७. फोहोर मैला व्यवस्थापन गरौं, जिम्मेवार नागरिक बनौं ।
८. आफ्नो शहर सफा र स्वच्छ राखौं, सभ्य नागरिकको परिचय दिऔं ।
९. यात्रा गर्दा झ्यालबाट फोहोर नफालौं, गाउँ शहर सफा राख्ने अभियानमा सहभागी होऔं ।
१०. सकेसम्म कम प्याकेजिङ्ग भएका वस्तुहरुको प्रयोग गरौं ।
११. कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै भाँडोमा जम्मा गरौं ।
१२. सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं ।
१३. भूकम्प प्रतिरोध घर निर्माण गरौं ।

इटहरी उप-महानगरपालिका कार्यालय
इटहरी, सुनसरी

आफ्नै सूचना

देशभरिका सबै विक्रेता र विज्ञापन सहजकर्ताहरूलाई पत्रिकाको हिसाब चुक्ता गर्न अनुरोध छ । अन्यथा पत्रिका पठाउन नसकिने बेहोरा सूचित गरिन्छ ।

व्यवस्थापक:
रातोखबर प्रकाशन गृह

## ध्रुवीकृत ....

समयावधि सरकार चलाएर प्रभावकारी ढङ्गले पूरा गर्न सक्दछन् । त्यसका लागि बहुमत, दुईतिहाइ बहुमत, संविधान संशोधन र कानुनी क्रान्तिको नारा दिइन्छ । मूलतः अहिलेका गठबन्धन र ध्रुवीकृत राजनीतिको एउटा पाटो यही हो ।

यसको दोस्रो पाटो भनेको जनताको लामो सङ्घर्ष र प्रतीक्षापछि जारी नयाँ संविधान र त्यसअन्तर्गतको चुनावले पनि पुरानो राज्यसत्ताको सङ्कटको हल गरेन, बरु सङ्घीय लोकतान्त्रिक गणतन्त्रको नयाँ आवरणमा पुरानै संसदीय दलाल पुँजीवादी राज्य स्थापना भयो । परिणामतः देशको परनिर्भरता र औपनिवेशीकरण, दलालीकरण, भ्रष्टाचार, बेरोजगारी र चौतर्फी जनताको असन्तुष्टि झन् बढ्दै गयो । यही पृष्ठभूमिमा नेपाल कम्युनिस्ट पार्टीले यी सबै समस्याको समाधान नयाँ वैज्ञानिक समाजवादी राज्यव्यवस्थाको स्थापनाद्वारा दिनुपर्ने विकल्पसहित चुनावलाई अस्वीकार गर्दै नयाँ वैकल्पिक राजनीतिक धारलाई सशक्त रूपमा अगाडि बढायो । यसरी देश राष्ट्रिय स्वतन्त्रता र आत्मसमपैण, क्रान्ति र प्रतिक्रान्तिको दुई ध्रुवमा विभाजित हुँदै गएपछि पहिलो राष्ट्रिय स्वतन्त्रताको क्रान्तिकारी ध्रुवलाई निषेध गर्न र राष्ट्रिय आत्मसमपर्णवादी प्रतिक्रान्तिकारी ध्रुवलाई सशक्त बनाई पुरानो सत्ताको सङ्कटको सापेक्षिक सामाधान गर्दै त्यसको सुदृढीकरण गर्न गठबन्धन र ध्रुवीकरणको राजनीति अगाडि आएको हो ।

### २) कुन राज्यव्यवस्थाअन्तर्गतको गठबन्धन र ध्रुवीकरण ?

हामी केमा स्पष्ट हुनुपर्दछ भने अहिलेको राजनीतिक गठबन्धन र ध्रुवीकरणले कुनै राज्यव्यवस्थाको परिवर्तनको प्रतिनिधित्व गर्दैन, बरु पुरानो राज्यसत्ताको सङ्कटग्रस्त सारलाई लुकाउन, बदनाम स्वरूपमा परिवर्तन भएको भ्रम दिन, जनतालाई गुमराहमा राखेर आफ्नो लूटको स्वर्गलाई जोगाउने षड्यन्त्रस्वरूप यो गठबन्धन र ध्रुवीकरणको राजनीति अगाडि सारिएको छ किनभने नेताहरू यति धेरै स्वार्थी देखिनु, राष्ट्र र जनताको न्यूनतम आवश्यकता र माग पनि पूरा गर्न नसक्नुमा व्यक्तिगत रूपमा नेताहरूभन्दा पनि उनीहरूले अवलम्बन गर्दै आएको राजनीतिक विचार र प्रणाली जिम्मेवार छ । नेपालमा पछिल्लो संविधानले पनि निर्दिष्ट गरेको राजनीतिक विचार र प्रणाली भनेको संसदीय दलाल पुँजीवादी हो ।

यो संसदीय दलाल पुँजीवादी राज्यले देशलाई कङ्गाल बनाउँछ र सीमित नेताहरूलाई दलाल पुँजीको मालिक बनाई देशको परनिर्भरता झन् बढाउँछ । यसले देशलाई विश्व वित्तीय पुँजीको सुगम बजार बनाउँछ र बेरोजगारीको वृद्धि गराउँछ । परिणामतः युवा शक्ति पलायन हुन बाध्य हुन्छ । यसले विश्व व्यापार सङ्गठन र विश्व बैङ्कका मान्यता र नियमहरूलाई पालना गर्नुपर्छ, छिमेकीसँगका असमान सन्धिसम्झौताको निरन्तरतामा बिप्पा लागू गर्नुपर्छ । राष्ट्रिय सुरक्षाजस्तो संवेदनशील विषयमा आफैँले निर्णय गर्न पाउने स्वतन्त्रता गुमाउनुपर्छ । यो अर्थनीति र सुरक्षानीतिमा आधारित संसदीय राजनीतिमा ससाना निर्णय गर्न पनि विदेशीको सहयोग लिनुपर्छ- जहाँ लोकतन्त्रका नाममा आवधिक निर्वाचनमार्फत दलाल तथा नोकरशाही पुँजीपति वर्गका प्रतिनिधिलाई निश्चित समयसम्म देश र जनतालाई लुट्ने अनुमति दिइन्छ, त्यसका लागि चुनावको नौटङ्की गरिन्छ । अन्तिम कुरा निजी पुँजी नेपालको सन्दर्भमा दलाल निजी पुँजी र संसद्वादको सर्वोकृष्टता र पवित्रताको राजनीतिक विचार र प्रणाली कायमै राखेर गठबन्धन र ध्रुवीकरण मात्रै हैन, महागठबन्धन र ध्रुवीकरण भए पनि देश र जनताको उन्नति र प्रगति सम्भवै छैन र हुँदैन तर यो वास्तविकतालाई लुकाएर गठबन्धनमा अमूकअमूक नेता र पार्टीहरूको हुने पृथकता र समावेशी अनि चुनावमा हुने प्रतिस्पर्धालाई चर्काउने गरिन्छ । जस्तो कि बाबुरामको निर्णय र काजीसँगको प्रतिस्पर्धा ।

### ३) राजनीतिक गठबन्धन र ध्रुवीकरणमा विदेशी भूमिका

कथित वाम गठबन्धन बनेपछि सदाझैँ विदेशी शक्तिको भूमिकाको प्रश्न उठ्यो । यसमा रअ र चीनको भूमिकाको चर्चा चल्यो र चल्नु स्वाभाविक पनि थियो किनभने १२ बुँदे समझदारीले तय गरेको राजनीतिक कोर्स पूरा भएपछि त्यसको समीक्षासहित त्यहाँ रहेका वा भएका कमीकमजोरीलाई सच्याउँदै नयाँ कोर्स विकास गर्न जरुरी थियो । यद्यपि यो नयाँ कोर्स एकदमै नयाँ नभएर पुरानैको निरन्तरता हो अथवा पुरानो कोर्सले स्थापित गरेको राज्यसत्ताको सुदृढीकरणको कोर्स हो ।

१२ बुँदे पुरानो राजनीतिक कोर्समा मध्यस्थकर्ताकै रूपमा भए पनि अन्तर्राष्ट्रिय शक्तिको भूमिका हाबी भएको र त्यसको नकारात्मक प्रभाव परेकाले अहिलेको नयाँ कोर्समा राष्ट्रिय भूमिका हाबी गर्ने, अन्तर्राष्ट्रिय र राष्ट्रिय रूपमा छुटेका शक्ति चीन र दरबारलाई सहभागी गराएर नयाँ राजनीतिक कोर्स तयार पार्ने प्रयासअन्तर्गत नयाँ गठबन्धन र ध्रुवीकरण अगाडि बढाइएको छ । यसरी १२ बुँदे समझदारीले तय गरेको राजनीतिक कोर्समा देशभित्र र बाहिरका शक्तिहरूको समान स्वार्थ भएझैँ अहिलेको नयाँ कोर्समा पनि रहेको तथ्य बुझ्न त्यति कठिन छैन तर यहाँ नेकपाको नेतृत्वको वैकल्पिक राजनीतिक शक्तिलाई कि हिसाब नै गरिएको छैन र न्यूनीकरण गरिएको छ, कि त उग्रवादी वा आतङ्कवादी कित्तामा राखी दमन गर्ने षड्यन्त्र गरिएको छ । यसो गर्नुमा प्रचण्डको प्रमुख भूमिका रहेको छ । यसरी नयाँ राजनीतिक कोर्सले नयाँ द्वन्द्वको बिउ रोपिदिएको छ ।

### ४) दुईवटा गठबन्धनबारे

नेपाली काङ्ग्रेसको नेतृत्वमा बनेको वा बन्ने कथित लोकतान्त्रिक गठबन्धन- जसले आफूलाई लोकतान्त्रिक गठबन्धनका रूपमा स्थापित गराउन चाहान्छ तर यो लोकतान्त्रिक गठबन्धन नै हैन, यसले त ६५ प्रतिशत कम्युनिस्ट जनमत भएको देशमा समाजवाद र साम्यवादको कुरै गर्न नदिने घोषणा गरेको छ । यसले क्रान्तिकारीहरूलाई छोडेर एउटै नीति- संविधान र विधि- चुनाव मान्ने पार्टीहरूबाट अधिनायकवादको खतरा देखेको छ र साम्यवादी खतरा रोक्न जुनसुकै पनि कदम चाल्ने कसम खाएको छ । वास्तवमा देशभित्र र बाहिरका कट्टर प्रतिगामी र प्रतिक्रियावादी शक्तिको यो गठबन्धनको नेतृत्व घोर प्रतिक्रान्तिकारी दलाल प्रवृत्तिले गरेको छ । त्यसैले यो गठबन्धन चरम निरङ्कुशतावादी फासिवादी र दलाल पुँजीवादी तथा नवउपनिवेशवादी गठबन्धन हो । अर्को एमालेको नेतृत्वमा माकेसहितको कथित वाम गठबन्धन-जसले आफूलाई वाम गठबन्धनका रूपमा स्थापित गर्न चाहेको छ तर यो पनि वास्तविक वाम गठबन्धन नै होइन । यो त दक्षिणपन्थी यथास्थितिवादी, आत्मसमपर्णवादी, सुधारवादी र प्रतिक्रान्तिकारी गठबन्धन हो । यसमा देशभित्र र बाहिरका उदारवादी र यथास्थितिवादी तत्वहरू छन्, वास्तवका यो गठबन्धनको नेतृत्व कम्युनिस्ट विचार, समाजवाद, साम्यवाद, क्रान्ति र सहिदको व्यापार गरी खाने व्यापारिक प्रवृत्तिले गरेको छ । अन्ततः यो गठबन्धन पनि कथित लोकतान्त्रिक गठबन्धनलाई पछ्याउँदै संसदीय फासिवाद, दलाल पुँजीवाद र नवउपनिवेशवादमै पतन हुनेछ । यी दुवै गठबन्धनले दरबारिया शक्ति विशेषतः पूर्वराजालाई आफूतिर तान्न प्रतिस्पर्धा गरेर कथित लोकतन्त्रको अभ्यास गर्नेछन् ।

### ५) गठबन्धन र ध्रुवीकृत राजनीतिको अन्तिम परिणाम

उपरोक्त विश्लेषणबाट के निष्कर्ष निकाल्न सकिन्छ भने चुनावकेन्द्रित गठबन्धन र ध्रुवीकृत नेपाली राजनीतिले स्थायित्व, शान्ति र समृद्धि हैन, नयाँ द्वन्द्व, निरङ्कुशता, संसदीय फासिवाद र सङ्कट लिएर आउनेछ तर त्यसलाई छोप्न देश र जनताका पक्षमा देखिने केही सुधारात्मक कार्यक्रम अगाडि सार्नेछ र सम्भव भएसम्म लागू पनि गर्नेछ । यसले नेता र कार्यकर्ताहरूको स्वेच्छाचारितामा वृद्धि गर्नेछ, बेलगाम भ्रष्टाचार संस्थागत गर्नेछ, युवाहरूको पलायन वा व्यापार झन् बढाउनेछ, देशको परनिर्भरता र नेताहरूको दलालीकरण झन् बढाउनेछ, विश्व निगम तथा वित्तीय पुँजीसँगै अतिवादी विचारको आयात गर्नेछ र द्वन्द्वलाई झन् बढाउनेछ । यसरी लोकतान्त्रिक गणतन्त्रलाई बदनाम गर्नेछ वा दलाल गणतन्त्र भएको साबित गर्नेछ । अन्ततः यसरी कि देशमा संसदीय फासिवादको अभ्यास हुनेछ, कि त देश अन्त्यहीन द्वन्द्वमा फसेर असफल राष्ट्रमा परिणत हुनेछ र सम्पूर्ण रूपले नवउपनिवेशवाद आउनेछ ।

### ६) क्रान्तिकारी रणनीति

क्रान्तिकारीहरूको पहिलो नीति भनेको यो लोकतान्त्रिक सङ्घीय गणतन्त्रको नयाँ स्वरूपमा स्थापित जनविरोधी र राष्ट्रविरोधी पुरानै सार बोकेको राज्यसत्तालाई अस्वीकार गर्नु, यसको भण्डाफोर गर्नु, यसले आफूलाई सुदृढ गर्न प्रायोजित चुनावलाई खारेज गर्नु हुनेछ । क्रान्तिकारीको दोस्रो नीति वर्तमान देशको समस्याको मूल कारण क्रान्ति अधुरो रहनु, देश नवउपनिवेश बन्नु र राज्यसत्तामा आमूल परिवर्तन नहुनु भएकाले अधुरो क्रान्ति पूरा गरेर देशलाई स्वतन्त्र बनाई नयाँ राज्यव्यवस्था वैज्ञानिक समाजवाद स्थापनाको अनिवार्यताबारे जनतालाई निरन्तर प्रशिक्षित गर्नु हुनेछ । तेस्रो नीति विगतका क्रान्तिका असफलताबाट शिक्षा लिएर क्रान्तिको रणनीतिमा विकास गर्नु, त्यसका लागि एकीकृत जनक्रान्तिको रणनीतिलाई स्थापित गर्नु र लागू गर्नुहुनेछ । चौथो, विचारधारात्मक सङ्घर्षमा कथित वाम गठबन्धन र वर्गसङ्घर्षमा कथित लोकतान्त्रिक गठबन्धनलाई अगाडि राखेर भण्डाफोर गर्नु र सबैतिर भएका सच्चा देशभक्त, लोकतान्त्रिक र कम्युनिस्टहरूलाई एकीकृत गर्न पहल गर्नु हुनेछ । पाँचौँ, नीति यी नीतिलाई सकेसम्म शान्तिपूर्ण रूपमा अगाडि बढाउनु नभए जुनसुकै परिस्थितिका लागि सामना गर्न आफैँ र जनतालाई तयार राख्नु हुनेछ ।

अन्त्यमा, अहिले देखिएको गठबन्धन र ध्रुवीकरणको राजनीति क्रान्तिको विकल्प हैन, बरु यसले क्रान्तिलाई निषेध गरेको छ । त्यसका लागि चुनावमार्फत जनपरिचालन गरेको छ भने हामीले चुनावलाई अस्वीकार गरेर क्रान्तिको रक्षा र विकासका लागि जनतालाई आकर्षित गर्नुपरेको छ । अन्ततः यो संसदीय दलाल राजनीतिको ध्रुवीकरणले आफ्नो विकास क्रममा अनिवार्यतः फौजी रूप ग्रहण गर्नेछ र नवउपनिवेशीकरणलाई तीव्रता दिनेछ जो निरङ्कुशता, संसदीय फासिवाद र नवउपनिवेशवादमा व्यक्त हुनेछ तर यो अस्थायी हुनेछ । त्यसैले यसलाई चिर्दै नयाँ क्रान्ति अगाडि आउनेछ । त्यो नयाँ एकीकृत जनक्रान्ति हुनेछ जो नयाँ शान्त र समृद्ध देशको भविष्य हो । यसका लागि क्रान्तिकारीहरूले चौतर्फी पहलकदमी लिन कठिन चुनौतीको सामना गर्ने नयाँ सङ्कल्प गर्नु आजको आवश्यकता हो ।

## भूराजनीतिक स्वरूपमा ....

सशस्त्र सङ्घर्षको परित्यागले साम्राज्यवाद, खास गरेर अमेरिकी साम्राज्यवादलाई अस्थायी रूपमा भए पनि राहत पुऱ्याएको छ । जेजे भए पनि यी परिवर्तनहरूले साम्राज्यवादीहरूलाई सङ्कटमुक्त पार्न सक्ने छैनन् । क्यास्ट्रो, चाबेज र अन्य वामपन्थी लिबरल पार्टीका नेताहरूले ल्याटिन अमेरिकामा समाजवादका नाममा अँगालेका नीतिहरू वास्तवमा समाजवादी नीतिहरू होइनन् । ती देशहरूमा तिनीहरूले मजदुर, किसान र मध्यम वर्गको समस्या हल गरेर जनताको चित्त बुझाउनु आवश्यक थियो तर उनीहरूले जनताको ध्यान क्रान्तिबाट अन्यत्रै मोडे र स्थानीय शोषक साशक वर्गको हितलाई नै सहयोग पुऱ्याउने काम गरे । त्यसैले ती देशमा आर्थिक, राजनीतिक र सामाजिक सङ्कट चर्किँदैछ र नयाँ जनवादी क्रान्तिका लागि स्थिति अनुकूल बन्दैछ । यस किसिमको स्थितिलाई देखेर एकातिर अमेरिका र अर्कोतिर चीन यी मुलुकहरूलाई आफ्नो पक्षमा पार्ने प्रयास गरिरहेका छन् । फलस्वरूप ती मुलुकका जनताको साम्राज्यवादसितको अन्तर्विरोधमा वृद्धि भएको छ ।

### बुर्जुवा वर्ग र पुँजीवादी मुलुकका सर्वहाराबीचको अन्तर्विरोध

अमेरिकामा सन् २००८ मा आरम्भ भएर युरोपभरि फैलिएको आर्थिक सङ्कट अझै जारी छ । अहिलेका आर्थिक तथा राजनीतिक परिणामहरू यसै सङ्कटका परिणाम हुन् । आठ वर्षदेखि जर्मनी, फ्रान्स, ब्रिटेनलगायत अन्य युरोपली मुलुकहरू र अमेरिकाले आर्थिक, वित्तीय र राजनीतिक नीतिहरू लागू गरेर यो सङ्कट समाधान गर्न खोजे पनि सफल हुन सकेका छैनन् । यो नीतिले यी मुलुकहरूमा बेरोजगारी बढायो, आर्थिक वृद्धिदर घटायो र लोक कल्याणकारी नीति, कार्यक्रम र रोजगारीका योजनाहरूको कटौती गऱ्यो । फलस्वरूप यी मुलुकहरूका हरेक तह र तप्काका जनतामा सरकारप्रति व्यापक मात्रामा असन्तुष्टि बढ्यो । यस किसिमको परिस्थितिको सामना गर्न ती देशका शोषक शासक वर्गहरू मुलुकमा रङ्गवादी नीतिलाई प्रोत्साहन दिइरहेका छन् । रङ्गभेदी प्रभुत्ववादका आधारमा फासिवादी विचारधारालाई प्रोत्साहित गर्दै दक्षिणपन्थी, कठमुल्लावादी, फासिवादी पार्टीहरू अमेरिका तया युरोपमा क्रमिक रूपमा बलियो हुँदैछन् र सत्तामा आइरहेका छन् । गत वर्ष अक्टोबर-नोभेम्बरमा भएको निर्वाचनमा एन्जेला मार्केस पराजित भइन् र फासिवादी प्रवृत्तिका पार्टीहरू सत्तामा आए । आर्थिक सङ्कट नै युरोपियन युनियन (ब्रेक्सिट) बाट ब्रिटेन अलग हुनुको मूल कारण थियो । आर्थिक नीति र आप्रवासनको समस्याको कारण युरोपियन युनियनले ब्रिटेनमा लागू गरेको बेरोजगारसम्बन्धी अवसरहरू घट्दै गए र आर्थिक वृद्धिदरमा पनि एकलमै मन्दी आउन थाल्यो । यसले आमजनताको असन्तुष्टिमा वृद्धि गरायो । यस्तो बेला शोषक वर्गीय पार्टीहरूले जनताबीच रङ्गवादी विचारधारालाई उचालेर युरोपियन युनियनबाट फिर्ता हुने निर्णयमा भोट हाल्न लगाए ।

ओमाबाले अघि सारेका आर्थिक, राजनीतिक, सैन्य र विदेश नीतिहरू कुनै पनि अमेरिकामा उत्पन्न आर्थिक सङ्कट समाधानका लागि सहयोगी साबित हुन सकेनन्, ती नीतिहरू नराम्रो गरी असफल भए । यस किसिमको परिस्थितिमा डोनाल्ड ट्रम्प घोर स्वेत रङ्गभेदी नारा उरालेर सत्तामा आए । त्यसपछि त्यहाँ काला जातिहरू, मुसलमानहरू र गैरअमेरिकी नागरिकमाथि आक्रमण बढिरहेको छ ।

आर्थिक सङ्कटले गर्दा अमेरिका र युरोपेली मुलुकका साम्राज्यवादीहरू संरक्षणवादी नीतिलाई अघि सारेर उच्च आयात कर लादिरहेका छन् । अर्कोतिर उनीहरू पछि परेका मुलुकहरूलाई आफ्नो मुलुकको लगानी तथा उत्पादनको आयातमा चाहिँ उच्च कर नलगाउन दबाब दिइरहेका छन् ।

अमेरिका र युरोपेली मुलुकहरू एकातिर अन्धरङ्गवाद र फासिवादलाई उचालिरहेका छन्, आप्रवास सम्बन्धमा कडा कानुनहरू बनाइरहेका छन्, अर्कोतिर सस्तोमा बाहिरका मजदुरहरू ल्याउने नीति बनाएर आफ्नो मुलुकका सर्वहाराको श्रम शोषण गरिरहेका छन् । उनीहरू आप्रवासी कामदारको स्वीकृति दिइरहेका छन् । यी नीतिनियमहरूले स्थितिलाई थप जटिल बनाएका छन् ।

यसरी पुँजीपति वर्ग र पुँजीवादी देशका सर्वहारा बीचको अन्तर्विरोध चर्कँदै गइरहेको छ ।

### साम्राज्यवादी मुलुकहरूबीचको अन्तर्विरोध तीव्र बन्दै

सन् २०१० देखि अमेरिकाले केही पूर्वी युरोपेली मुलुकहरू र केही पुरानो सोभियत सङ्घका मुलुकहरूलाई 'नाटो' मा तान्न थाल्यो र यो रुसका लागि टाउको दुखाइ बन्यो । रुसले जसरीतसरी आफ्नो आर्थिक स्थितिमा केही हदसम्म सुधार ल्यायो र आफ्नो अन्तर्राष्ट्रिय आर्थिक तथा राजनीतिक स्वार्थहरूका लागि अमेरिकासितको चर्कंदो द्वन्द्वलाई मत्थर पाऱ्यो । यसैको अंशका रूपमा यसले जनमत सङ्ग्रहमार्फत क्रिमियालाई आफ्नो पक्षमा पाऱ्यो र अमेरिकाको उक्साहटमा भएको युक्रेनसितको युद्धलाई साम्य पाऱ्यो । यसैको अंशकै रूपमा मध्यपूर्वमा आफ्नो स्वार्थको रक्षाका लागि सिरियाको अर्सादका विरुद्ध अमेरिकाले तयार पारेका विद्रोहीहरूका विरुद्ध पनि यो लडिरहेको छ । साथसाथै अमेरिका र नाटो गठबन्धनका विरुद्ध 'साङ्घाई कोअप्रेसन अर्गनाइजेसन' र 'ब्रिक्स' मार्फत रूस चीनसित मिलेर गठबन्धन बनाइरहेको छ । यी सबै कुराले अमेरिका र रुसबीचको बढ्दो अन्तर्विरोधलाई प्रस्तुत गर्दछन् । डोनाल्ड ट्रम्प सत्तामा आएपछि अमेरिका र रुसबीच केही मुद्दामा मेलमिलाप देखिए पनि यो अस्थाथी मात्रै हो । यो पछिका दिनमा खतरनाक किसिमको प्रतिद्वन्द्विताको सङ्केत हो ।

आर्थिक, राजनीतिक र सैन्य क्षेत्रमा प्रतिद्वन्द्वीका रूपमा विकसित साम्राज्यवादी चीनलाई मुक्का प्रहार गर्न अमेरिकाले सन् २०११ म एसियातिर फर्कको नीति अघि साऱ्यो । ओबामाको ठाउँमा सत्तामा आएका रिपब्लिकन डोनाल्ड ट्रम्पले पनि त्यसै नीतिलाई अवलम्बन गरे र चीनविरोधी आक्रामक नीतिलाई जारी राखे । अमेरिकाले दक्षिण चीन सागरमा चीनको अधिकारलाई स्वीकारेन । हेग अन्तर ष्ट्रिय न्यायालय निर्णयको हवाला दिँदै अमेरिकाले आफ्ना सहयोगी राष्ट्रहरूका पक्षमा युद्धपोत तैनाथ गरेर चीनसितको द्वन्द्व चर्काइरहेको छ ।

तेल, प्राकृतिक ग्याँस र दक्षिण र पूर्वी चीन सागर जलमार्गमाथिको नियन्त्रणलाई लिएर अमेरिका र चीनबीच बढ्दो प्रतिस्पर्धाका कारण एसिया-प्रशान्त क्षेत्रमा तनाव बढिरहेको छ । यो तनाव ती दुई देशबीच त्यस क्षेत्रमा सैन्य द्वन्द्वका रूपमा विकसित भइरहेको छ । यो क्षेत्र अन्तर्राष्ट्रिय क्षेत्रमा साम्राज्यवादी मुलुकबीच चर्कंदो अन्तर्विरोधको खेलमैदानमा परिणत भएको छ ।

दोस्रो विश्वयुद्धदेखि अमेरिकी साम्राज्यवादको अर्थतन्त्र युद्ध अर्थतन्त्रमा फेरिएको छ र यसले जहिले पनि उसलाई युद्धको दलदलमा फसाएको छ । फलस्वरूप यो राजनीतिक, आर्थिक र रणनीतिक दृष्टिले कमजोर भएको छ । यस किसिमको परिस्थितिमा ऊ पहिलेको जस्तो आफ्ना हितैषी मुलुकहरूलाई आफ्नो पक्षमा कायम राख्न असमर्थ भएको छ । यसैको फलस्वरूप टर्की, फिलिपिन्स र अमेरिकामा आश्रित अरू यस्ता मुलुकहरू बिस्तारै ऊबाट टाढिँदैछन् । आर्थिक सङ्कटका कारण अमेरिका र युरोपेली सङ्घबीच बढ्दो प्रतिस्पर्धा चलेको कारण पहिले जसरी यसले नाटो गठबन्धनका मुलुकहरूलाई यथेष्ट मात्रामा आर्थिक सहयोग प्रदान गर्न सकेको छैन । यस किसिमको अवस्थाका कारण नाटो गठबन्धनलाई अमेरिकाले एकढिक्का बनाउन सकेको छैन । अर्कोतिर चीन साम्राज्यवादी मुलुकका रूपमा विकसित भएर अमेरिकाको बलियो प्रतिद्वन्द्वीका रूपमा उभिएको छ । चीनले एसियामा आफ्नो पकड बलियो बनाउन 'एसिया पूर्वाधार लगानी ब्याङ्क' को स्थापना गरेको छ । फलस्वरूप विश्वको भूराजनीतिक स्थितिमा फेरबदल भएको छ । चीनले सैन्य क्षेत्रमा पनि आफ्नो पकड बलियो बनाउने प्रयास गरिरहेको छ । फलस्वरूप अमेरिकासित अहिलेसम्म रणनीतिक सम्बन्ध बनाएको पाकिस्तानले चीनसित रणनीतिक रक्षा र आर्थिक सम्झौता गरेर यसको रणनीतिक सहयोगीका रूपमा आफूलाई उभ्यायो । सोभियत रूस पतन नहोउन्जेल सन् १९९१ सम्म भारत सोभियत रुसको नजिकको मित्र थियो । पछि यो बिस्तारै अमेरिकाको नजिक पुग्यो । अमेरिकासितको सैन्य सम्झौता, सैन्यसामग्री आदानप्रदान सम्झौता 'लेमोभा' पछि भारत अमेरिकाको सैन्यसाझेदार भएको छ । चीनको बढ्दो आर्थिक र सैन्य शक्तिविरुद्ध लड्न भारत अमेकिासितको सैन्य सम्झौतामा सरिक भयो र यसले आफ्नो रणनीतिक परिवर्तनको स्थिति प्रस्तुत गऱ्यो ।

आउँदा दिनहरूमा आर्थिक, व्यापार कूटनीति र सैन्य क्षत्रमा अमेरिका र चीनबीचको प्रतिस्पर्धा झन् अझ बढ्दै जानेछ । यसले आर्थिक, राजनीतिक क्षेत्रमा नयाँ गठबन्धन गर्दै पछि परेका मुलुकहरूको अमेरिका र चीनसितको सम्बन्धमा फेरबदल हुने अवस्था देखिन्छ । यो नयाँ गठबन्धनले विश्वलाई पुनर्विभाजन गर्नका लागि साम्राज्यवादी गुटहरूबीच प्रतिस्पर्धा र सङ्घर्ष चर्किनेछ । यो नव गठबन्धनका कारण पछि परेका मुलुकहरूमा राजनीतिक सङ्कट बढ्नेछ । यो नवगठबन्धनले यो सङ्घर्षको सामना गर्न एसियामा चीन, रुस, इरान र पाकिस्तानलाई एउटा कित्तामा ल्याउनेछ र अमेरिका र उसका सहयोगी जापान, दक्षिणकोरिया र भारतलाई अर्को कित्तामा उभ्याउनेछ । यसले विश्वका अन्य क्षेत्रमा पनि यस्तै खालको नवगठबन्धन जन्माउनेछ । फलस्वरूप अन्तर्राष्ट्रिय तहमै सङ्घर्ष तीव्र बन्नेछ ।

अमेरिकी साम्राज्यवादीहरू, इजरायली नरसंहारकारीहरू र नाटोले पश्चिम एसिया (मध्यएसिया) मा चलाएको युद्ध अन्त्य हुने देखिँदैन । नरसंहारकारी इजरायलले गरेको शान्तिसम्झौताको उल्लङ्घन, प्यालेस्टिनी भूमिको दखलमा विस्तार र अन्य विभिन्न अफ्रिकी मुलुहरूमाथि गरेको आक्रमणका विरुद्ध प्यालेस्टिनी र अन्य मुलुकका जनताले निरन्तर प्रतिरोध गरिरहेका छन् ।

अन्तर्राष्ट्रिय क्षेत्रमा प्रमुख अन्तर्विरोधहरूको चर्कंदो स्थितिले विश्वव्यापी रूपमा क्रान्तिको लहर ल्याउने कुरामा विश्वस्त हुन सकिन्छ ।

## अक्टोबर क्रान्तिको ...


भएको छ । उता नागरिक समाजका अगुवाहरूले वार्षिक रूपमा नै अक्टोबर क्रान्ति दिवस सम्पन्न गर्ने भएका छन् ।

## बस्नेत र केसीविरुद्ध ......

लागि माके उम्मेदवार श्यामकुमार श्रेष्ठका विरुद्ध माकेकै लक्ष्मी गुरुङ र मैनकुमार मोक्तानले उम्मेदवारी दिएकी छन् । उता नुवाकोटमा काङ्ग्रेसका नेता अर्जुननरसिंह केसीका विरुद्ध बागी उम्मेदवार उठेका छन् । काङ्ग्रेस गठबन्धनमा पनि रामेछाप, रसुवा, गोरखालगायत जिल्लामा व्यापक असन्तुष्टि देखिएको छ ।

## गोरखामा रोचक ...

छन् भने भट्टराईले अवसरवादी, सत्ता स्वार्थका लागि भएको आरोप लगाए । केही दिनअघि वाम गठबन्धनलाई फेरम अध्यक्ष उपेन्द्र यादवले 'खाम-गठबन्धन' भनेका थिए । काङ्ग्रेस-माके गठबन्धन पवित्र हुने काङ्ग्रेस-नयाँ शक्ति अपवित्र कसरी हुन्छ ? भट्टराईले कटाक्ष गर्दै भनेका थिए । डा. बाबुराम भट्टराई राजेश्वर देवकोटाको सिफारिसमा दिल्लीस्थित जवाहरलाल नेहरू विश्वविद्यालयमा छात्रवृत्तिमा अध्ययन गरेका हुन् । बेइजिङको रनमिन विश्वविद्यालय जसरी नै नेहरू विश्वविद्यालयलाई भारतीय स्वार्थमा 'थिङ्कट्याङ्क' उत्पादन गर्ने बौद्धिक अखडा मानिन्छ । संयोग नै भन्नुपर्छ मोहनविक्रम सिंहले शङ्कास्पद भनी कारबाही गरेका भट्टराईलाई जनयुद्धको समय र आजपर्यन्त भारतपरस्त ठानिन्छ । उता नारायणकाजी श्रेष्ठ काङ्ग्रेसी पृष्ठभूमिका नेता हुन् । २०३५ तिर सिद्धार्थ बनस्थली जागिर खाने भए कम्युनिस्ट बन भनेर निर्मल लामाले सर्त राखेपछि शिक्षक सङ्गठन र तत्कालीन नेकपा (चौम) को सदस्यता लिएका थिए । उनलाई घोर अवसरवादी, पदलोलुप, ढुलमूले, चाकरीबाज नेताका रूपमा माओवादी केन्द्रभित्रै हेरिन्छ । 'हात्ती र हात्तीछाप चप्पल उस्तैउस्तै हो' भन्ने विज्ञापन सन्देशजस्तै अतीत र वर्तमान भएका दुई नेता गोरखामा चुनाव लड्नु संयोग र रोचक मानिएको छ ।


आरामदायी यात्राको लागि
हिमाल तराई यातायात सेवा

सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिर्चैया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप ।
सम्पर्क : ९८४११०६९६७, ९८४४०३१५९

नियमित

# महान् अक्टोबर क्रान्तिपछिको एक शताब्दी



अशोक सुवेदी

'अहिलेसम अस्तित्वमा रहेका सबै मानवसमाजहरूको इतिहास (आदिम साम्यवादबाहेक) वर्गसङ्घर्षको इतिहास हो ।'

-कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स (कम्युनिस्ट पार्टीको घोषणापत्र)

'वर्गसङ्घर्षलाई मात्र मान्ने मार्क्सवादी होइन, बरु त्यो मार्क्सवादी हो जसले वर्गसङ्घर्षको मान्यतालाई सर्वहारावर्गको अधिनायकत्वको मान्यतासम्म लागू गर्छ ।'

-भ्लादिमिर इल्यिच लेनिन (राज्य र क्रान्ति)

'पुँजीवादबाट साम्यवादतर्फ सङ्क्रमणले निश्चय नै राजनीतिक रूपको अति प्रचूरता र विविधता नगरिरहन सक्तैन । परन्तु यस्तो हुँदाहुँदै पनि सारतत्वचाहिँ एउटै हुनेछ, त्यो हो सर्वहारावर्गको अधिनायकत्व ।'

-(लेनिन, ऐ.)

मानिसलाई मानिसले गर्ने शोषण र विशेषगरी श्रमिक वर्गको श्रममाथिको शोषणको अन्त्यका लागि श्रमिक मजदुर किसान वर्गले लामो समयेखि सचेत असचेत रूपमा सङ्घर्ष गर्दै आएका छन् । दास विद्रोह त्यस्तै प्रकारको विद्रोह थियो र त्यसलाई मालिकहरूको अत्याचार र ज्यादतीबाट दासहरूलाई मुक्त गराउने एउटा महान् अभियानको आरम्भ थियो । यही सङ्घर्षकै बीचमा जन्मिएको थियो मार्क्सवाद र त्यसको पहिलो सफल प्रयोग फ्रान्सको पेरिसमा भएको थियो श्रमिकहरूको विद्रोह र सत्ताकब्जाबाट ।

त्यसैगरी, त्यसको अर्को महान् शृङ्खलाका रूपमा मार्क्सवादलाई लेनिनवादको उचाइमा विकास गराउने एक ऐतिहासिक परिघटना थियो रुसमा महान् लेनिनको नेतृत्वमा एक सय वर्षअघि सम्पन्न सशस्त्र सहरी विद्रोह अर्थात् रुसी समाजवादी क्रान्ति । यद्यपि १८७१ मा फ्रान्सको पेरिसमा मजदुरवर्गको विद्रोहबाट जन्मिएको थियो पेरिस कम्युन ।

महान् दार्शनिक कार्ल मार्क्सले पेरिस कम्युनको मूल्याङ्कन यसरी गर्नुभएको थियो :

'आफ्नो कम्युनसहित मजदुरहरूको पेरिस कम्युन एउटा नौलो समाजको गौरवशाली अग्रणीका रूपमा हमेसा जनसम्मानको पात्र बनिरहनेछ । त्यसका सहिदहरूले मजदुरवर्गको महान् हृदयमा सदाका लागि ठाउँ ओगटेका छन् ।' (मार्क्स-एङ्गेल्स, चुनिएका रचनाहरू, (दुई भाग, भाग १, पृष्ठ ४९१))

उहाँले अगाडि भन्नुभयो, 'पेरिसको सङ्घर्षसँगसँगै पुँजीपतिवर्ग र त्यसको राज्यका विरुद्ध मजदुरवर्गको सङ्घर्ष एउटा नौलो चरणमा प्रवेश गरेको छ। तत्कालीन परिणाम जस्तोसुकै होस्, विश्व-ऐतिहासिक महत्वको नौलो प्रस्थान-बिन्दु प्राप्त भएको छ।' ( ऐ.ऐ. भाग २, पृष्ठ ४६४)

पेरिस कम्युनले मार्क्सवादको सफल प्रयोग गरेको थियो भने अक्टोबर क्रान्तिले मार्क्सवादको लेनिनवादमा विकास गर्नुका साथै सर्वहारावर्गको हातमा समाजवादी सत्ता स्थापित गरेर वर्गसङ्घर्षको नयाँ उचाइ हासिल गरेको थियो ।

सन् १८९८ मा लेनिनले रुसका धेरै मार्क्सवादी समूहहरूलाई मिलाएर कम्युनिस्ट पार्टी गठन गर्नुभएको थियो । लेनिनले बर्नस्टिन, कार्ल काउत्स्की, प्लेखानोभजस्ता संशोधनादका 'महारथी' हरूविरुद्ध निर्ममतापूर्वक सङ्घर्ष गर्नुभयो र दार्शनिक संशोधनवादमाथि विजय प्राप्त गर्नुभयो । उहाँले जुझारु भौतिकवादको विकासका साथै वैज्ञानिक आविष्कारहरूको दार्शनिकीकरण गर्नुभयो । उहाँले द्वन्द्ववादको सारका रूपमा विपरीतहरूको एकता र सङ्घर्षलाई विकास गर्नुभयो । पदार्थको सही परिभाषा गर्दै उहाँले ज्ञानसिद्धान्तको आधार निर्माण गर्नुभयो । लेनिनले दर्शनको पक्षधरतामा जोड दिँदै मार्क्सवादी सौन्दर्यशास्त्रको व्याख्या गर्नुभयो र इतिहासमा जनसमुदाय-वर्ग-पार्टी- नेताको निरूपण गर्नुभयो । उहाँले भन्नुभयो, 'सङ्क्षिप्तमा द्वन्द्ववादलाई विपरीतहरूको एककताको सिद्धान्तका रूपमा परिभाषित गर्न सकिन्छ । यसैमा द्वन्द्ववादको सार समावेश छ तर यसले व्याख्या र विकासको माग गर्छ ।' (लेनिनको १६ बुँदे नोटबाट)

सर्वहारावर्ग जन्मिएदेखि नै विभिन्न किसिमका विद्रोह, युद्ध र क्रान्तिहरू सम्पन्न हुँदै आएका छन् र श्रमिक वर्गको सङ्घर्षलाई नयाँनयाँ उचाइमा लग्दै गरेका छन् । फ्रान्समा सम्पन्न पेरिस कम्युन सर्वहारावर्गको पहिलो विजययात्रा थियो भने अक्टोबर क्रान्ति दोस्रो फड्को र महान् विजययात्रा थियो । प्रतिक्रियावादी फ्रान्सेली सरकार र उसका मतियारहरूले चारैतिरबाट घेरा हालेर पेरिस कम्युनलाई हत्या गरे पनि त्यसको ४६ वर्षपछि रुसमा भ्लादिमिर इल्यिच लेनिनको नेतृत्वमा बोल्सेबिक पार्टीले महान् अक्टोबर क्रान्ति सम्पन्न गऱ्यो र रुसमा तानाशाही जार शासन मात्र पतन भएन, समाजवाद स्थापना भएर मजदुर वर्गको हातमा शासनसत्ता स्थापना भयो ।

अक्टोबर क्रान्ति सन् १९१७ अक्टोबर २५ (रुसको नयाँ पात्रोअनुसार नोभेम्बर ७) मा सम्पन्न भएको थियो । अक्टोबरमा सम्पन्न क्रान्ति मानिसले मानिसमाथि गर्ने सबैखाले शोषण-उत्पीडन र त्यसलाई प्रोत्साहन गर्ने शोषणप्रधान व्यवस्थाको समूल नष्ट गरेर समानतामूलक, वर्गविहीन, शोषणविहीन, भेदभावरहित समाजवादी व्यवस्था स्थापना गर्ने उद्देश्य बोकेको थियो । महान् अक्टोबर क्रान्ति सम्पन्न भएको अक्टोबर २५ तारिखका दिन लेनिनले यसरी सम्बोधन गर्नुभएको थियो : 'कमरेडहरू, जुन मजदुर तथा किसान क्रान्तिका बारेमा बोल्सेबिकहरूले जहिले पनि चर्चा गरेका छन् त्यो क्रान्ति सम्पन्न भएको छ। यो मजदुर तथा किसान क्रान्तिको महत्व के हो ? सर्वप्रथम यसको महत्व के हो भने हामीले एउटा सोभियत सरकार पाउनेछौँ, हाम्रो आफ्नै सत्ताको निकाय हुनेछ जसमा पुँजीपतिवर्गको कुनै पनि हिस्सा रहनेछैन । शोषित जनता आफैँले सत्ताको सिर्जना गर्नेछन् । अबदेखि रुसको इतिहासमा एउटा नयाँ चरणको थालनी हुनेछ र यसले तेस्रो रुसी क्रान्तिले अन्त्यमा समाजवादको विजय ल्याउनेछ ।' (लेनिन, सङ्कलित रचनाहरू, भाग २१, पृष्ठ २३९)

वास्तवमै अक्टोबर क्रान्तिको विजयले विश्वक्रान्तिको इतिहासमा एउटा कोसेढुङ्गा साबित भयो र यसले क्रान्तिको एउटा नयाँ कार्यदिशा, सशस्त्र सहरी विद्रोहको कार्यदिशा प्रदान गऱ्यो । रुसमा समाजवादी क्रान्ति सम्पन्न भएपछि विश्वका कयौँ मुलुकहरूमा क्रान्तिका माध्यमबाट समाजवाद स्थापनाको लहर नै चल्यो । संसारको एक तिहाइभन्दा बढी भूभागमा समाजवाद स्थापना भयो भने दर्जनौँ देशमा जनयुद्ध चल्यो र भारतलगायत कतिपय मुलुकमा जनयुद्ध सञ्चालनमा छ । रुस र विश्वका एक तिहाइ मुलुकमा समाजवाद स्थापनाको लहर चलेपछि पुँजीवाद र साम्राज्यवादले नराम्रो गरी धक्का खाए ।

चिनियाँ क्रान्तिमा लेनिन र अक्टोबर क्रान्तिको महत्वपूर्ण भूमिका रहेका स्वीकार्दै सर्वहारावर्गका महान् नेता क. माओ त्सेतुङले यसरी समीक्षा गर्नुभएको छ :

'चिनियाँ जनताको साम्राज्यवादविरोधी तथा सामन्तवादविरोधी मई ४ को आन्दोलन त्यसताकाको विश्वक्रान्ति, रुसी क्रान्ति र लेनिनको आह्वानमा भएको थियो ।' (माओ त्सेतुङ, नौलो जनवादबारे ।)

अक्टोबर क्रान्ति हुनुअघि रुस नेपालजस्तै कृषिप्रधान मुलुक थियो । क्रान्तिपछि सर्वहारा वर्गका अर्का महान् नेता क. स्टालिन नेतृत्वको बोल्सेबिक पार्टीले पहिलो पञ्चवर्षीय योजना अघि सारेर उद्योग र कृषिलाई सामूहिकीकरणका आधारमा आधुनिकीकरण गर्ने अभियान थाल्यो । स्टालिनले नै सोभियत सङ्घलाई जनताको सहायतामा औद्योगिक मुलुकमा फेरिदिनुभयो । सोभियत सङ्घमाथिको साम्राज्यवादी उत्पीडनका विरुद्ध स्टालिनले 'हाम्रो लक्ष्य न्यायोचित छ, विजय हाम्रो हुनेछ' भन्ने उद्घोष गर्दै सोभियत जनता तथा सेनाको महान् देशभक्तिपूर्ण युद्धको नेतृत्व गर्नुभयो । स्टालिनको कुशल, योग्य तथा सक्षम नेतृत्वमा सोभियत कम्युनिस्ट पार्टीको वरिपरि सङ्गठिन तथा एकत्रित भएर र सङ्घर्षमा अभूतपूर्व त्याग-बलिदानको भावना र वीरता प्रदर्शन गर्दै महान् सोभियत जनता र सोभियत सेनाले जर्मन फासिस्टवादमाथि महान् विजय हासिल गरे । त्यसरी जर्मन साम्राज्यवादमाथि ऐतिहासिक विजय प्राप्त गरेर सोभियत जनताले आफ्नो पितृभूमि र त्यहाँ स्थापित समाजवादी राज्यको रक्षा मात्र गरेनन्, फासिस्ट दासत्वबाट मानवजाति र विश्वसभ्यतालाई जोगाउनमा र उक्त दासत्वमा परेका युरोपियाली राष्ट्रहरूलाई मुक्त पार्नमा निर्णायक योगदानहरू गरे । (कृष्णदास श्रेष्ठ, कार्ल मार्क्स : व्यक्तित्व र कृतित्व)

लेनिनले भन्नुभएको थियो, 'यसरी हामीले आफ्नो क्रान्तिलाई संसारमा पहिले कहिल्यै नदेखेको उचाइसम्म उठाएका छौँ । करोडौँकरोड जनतालाई जतिसुकै खराबी, दुःख र कष्ट ल्याउन सके पनि, संसारको कुनै पनि शक्तिले हाम्रो क्रान्तिका प्रमुख लाभहरूलाई हामीबाट खोस्न सक्दैन किनभने ती लाभहरू हाम्रो मात्र नभएर विश्वइतिहासका लाभ बनेका छन् ।' (लेनिन, सङ्कलित रचनाहरू भाग ३३)

नेकपाका स्थायी समिति सदस्य एवम् अन्तर्राष्ट्रिय ब्युरो इन्चार्ज क. धर्मेन्द्र बास्तोला 'कञ्चन' ले अक्टोबर क्रान्तिका सन्दर्भमा यसरी संश्लेषण गर्नुभएको छ : महान् अक्टोबर क्रान्ति मानव सभ्यताको एउटा अभूतपूर्व राजनीतिक उथलपुथल थियो जसले मानवसभ्यतालाई नितान्त नयाँ, विकसित र सभ्य समाजमा रूपान्तरित गरेको थियो । सामन्तवादबाट सम्बन्धविच्छेद गर्दै पुँजीवादी युगको सूत्रपात गर्न खोज्ने बुर्जुवा वर्गले सत्ता समालेको कयौँ वर्षसम्म समाजमा परिवर्तन त्यसरी गर्न सकेन जसरी सर्वहारा वर्गीय जनवाद स्थापना भएपछि रुसमा गरियो । रुसी क्रान्तिको महत्त्वपूर्ण पक्ष रुसलाई तत्काल र सीधा क्रान्तीकृत गर्नु थियो जसबाट मूलतः बुर्जुवा जनवादी क्रान्ति पूरा गर्नु हुन्थ्यो । त्यसको तात्पर्य रुसमा जीवित रहेको मध्ययुगीन अवशेषहरूको अन्त्य गर्नु थियो । त्यसबाट रुसको प्रगतिको बाधक बनेको बर्बरताको अन्त्य हुन्थ्यो र देश नयाँ संस्कृति र प्रगतिको बाटोमा अगाडि बढ्थ्यो । यसरी अगाडि बढ्ने कुरालाई लेनिनले आफैँले न्यायपूर्ण रूपमा गर्व गर्नलायक काम गरेको भन्नुभयो । मध्ययुगीन अवशेषहरूको अन्त्य तथा रुसी शासकहरूको बर्बरताको अन्त्य अक्टोबर क्रान्तिभन्दा करिब १२५ वर्ष अगाडि सम्पन्न भएको फ्रान्सेली क्रान्तिभन्दा अत्यन्त छिटो, अत्यन्त दृढतापूर्वक र व्यापक तथा गहिराइका साथ गरियो । समाजवादी क्रान्ति मार्क्सवादी विज्ञानमा आधारित क्रान्ति थियो ।

सारमा महान् अक्टोबर क्रान्तिको शतवार्षिकीले नेकपाको आह्वानमा सञ्चालित एकीकृत जनक्रान्ति सम्पन्न गर्न र क्रान्तिकारी आशावाद सञ्चार गर्न ठूलो सहयोग पुऱ्याउने अपेक्षा र विश्वास गर्न सकिन्छ ।

# युवा सङ्गठनद्वारा प्रतिवाद

■ रोहित ढकाल / काठमाडौं



क्रान्तिकारी विचारबाट विचलित केही भगौडाहरूले नेकपा निकट युवा सङ्गठन राष्ट्रिय युवा जनस्वयमसेवकको केन्द्रीय समितिविरुद्ध नियोजित, भ्रामक तथा गलत समाचार प्रकाशित गरी बदनाम गर्न खोजेको पाइएको उक्त सङ्गठनले जनाएको छ । सङ्गठनको आधिकारिक फेसबुक पेज 'राष्ट्रिय युवा जनस्वयम्सेवक' को दुरुपयोग गर्दै सङ्गठनको केन्द्रीय समिति विघटन गरी तेस्रो राष्ट्रिय सम्मेलन आयोजक समिति गठन गरेको जस्ता नियोजित, भ्रामक र गलत समाचार प्रकाशित गरी सङ्गठनलाई बदनाम गर्न खोजेको सङ्गठनका केन्द्रीय महासचिव विवशले प्रकाशित गरेको विज्ञप्तिमा जनाइएको छ । विज्ञप्तिमार्फत विवशले सबै युवाहरूमा त्यस्ता भ्रामक समाचारहरूको पछि नलाग्न आग्रहसमेत गर्नुभएको छ । विज्ञप्तिमा उहाँले भन्नुभएको छ, 'संसदीय दलाल पुँजीवादी राज्यसत्ताका विरुद्ध एकीकृत जनक्रान्तिको माध्यमद्वारा वैज्ञानिक समाजवाद स्थापना गर्नका निम्ति नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा नेपालमा क्रान्तिको झन्डा फहराउँदैछ । नेपाली क्रान्तिको यो विशिष्ट मोडमा बाह्य रूपमा वाम गठबन्धनका नाममा अभिव्यक्त भएको देशीविदेशी दुस्मन तथा आन्तरिक रूपमा दक्षिणपन्थी अवसरवाद तिल्मिलाउन पुगेको छ । फलस्वरूप पार्टीका क्रान्तिकारी, इमानदार, जिम्मेवार नेता-कार्यकर्ताहरूविरुद्ध सामाजिक सञ्जालमार्फत विभिन्न प्रकार र प्रकृतिका भ्रामक, अनर्गल, नियोजित समाचार प्रकाशित भएको छ । यो वा त्यो बहानामा यी षड्यन्त्रहरू क्रान्तिको बढ्दो लहरविरुद्ध परिलक्षित छ । यसै सिलसिलामा मिति २०७४/०७/०२ गते राष्ट्रिय युवा जनस्वयम्सेवकको फेसबुक पेज राष्ट्रिय युवा जनस्वयम्सेवक को दुरुपयोग गर्दै सङ्गठनका महासचिव क. बाबुराम राई 'विवश' तथा सिङ्गो केन्द्रीय समितिविरुद्ध नियोजित, भ्रामक, गलत समाचार प्रकाशित भएको छ । सङ्गठनको केन्द्रिय समिति विघटन गरी तेस्रो सम्मेलन आयोजक समिति गठन गरेको, क. महासचिवको राजनीतिक प्रतिष्ठामा आँच ल्याउने उद्देश्यले प्रकाशित भएको षड्यन्त्रमूलक समाचारलाई खारेज गरिन्छ ।'

विज्ञप्तिमा अडाडि भनिएको छ, 'सङ्गठनको आधिकारिक पेजलाई दुरुपयोग गरी सम्प्रेषण गरिएको समाचारलाई आधार मानेर भ्रममा नपर्न, विचलित नहुन सङ्गठनका सम्पूर्ण पङ्क्तिलाई अपिल गरिन्छ ।'


सबै प्रकारका प्रतिक्रान्तिकारी, अवसरवादी दृष्टिकोण र हर्कतविरुद्ध जनक्रान्तिको वैचारिक लाममा दृढ हुँदै क्रान्तिकारी पहलकदमी लिन, सबैखाले षड्यन्त्रका विरुद्ध प्रतिरोधमा उत्रन, क्रान्ति र सङ्गठनको रक्षा गर्न सङ्गठनका सम्पूर्ण सदस्यहरूलाई आग्रह गर्दै विज्ञप्तिमा जनसमुदायलाई क्रान्तिप्रति, पार्टी र सहायक सङ्गठन राष्ट्रिय युवा जनस्वयंसेवक प्रतिवद्ध छ भन्ने विश्वास दिलाउँदै यो समस्या समाधान गर्न तत्काल केन्द्रीय पहल हुने जनाइएको छ ।

# सूचना !

रातो खबर प्रकाशनगृहद्वारा आगामी कातिक ११, १२ र १३ गते ३ दिने पत्रकारिता तालिम काठमाडौँमा हुँदैछ। इच्छुक सिकारु पत्रकारहरूले असोज मसान्तभित्र सम्पर्क गर्नुहुन अनुरोध छ। तालिम निःशुल्क प्रदान गरिनेछ भने आउने-जाने र बस्ने व्यवस्था आफैँले गर्नुपर्ने छ । इच्छुक प्रशिक्षार्थीहरूले असोज मसान्तसम्म सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

- रातो खबर प्रकाशनगृह


# प्रकाशित भयो




आफ्नो प्रति सुरक्षित गरौं ।






अक्टोबर क्रान्तिपछि लेनिनले सम्बोधन गर्दै गरेको सन्दर्भ चित्रमा (माथि) र इटालीमा अक्टोबर क्रान्तिको शतवार्षिकी मनाउँदै इटालियन कम्युनिस्ट पार्टीका कार्यकर्ता ।

नेपाल सरकार

कृषि विकास मन्त्रालय

## व्यवसायिक कृषि तथा व्यापार आयोजना

सल्लाघारी, महाराजगंज, काठमाडौं

यस आयोजनाको म्याद २०७५ साल असार १५ गते समाप्त हुने र अझै पनि कतिपय उपआयोजनाहरु कार्यान्वयनको विभिन्न चरणमा रहेका छन् । यसर्थ ती उपआयोजनाहरु निम्न तलिकामा उल्लेख गरिएको समय सिमाभित्रै सम्पन्न गरी सम्झौता बमोजिम किस्ता भुक्तानी लिनु हुन अनुरोध छ । सम्बन्धित आयोजनाको समाप्ती पछि कुनै पनि अधुरो कार्यहरुको जिम्मेवारी दातृ निकाय, आयोजना र नेपाल सरकार कसैले पनि लिन नसक्ने भएकोले समयसिमा भित्रै सम्पन्न गरी भूक्तानी लिन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ ।

| विवरण | फरफारक समय सिमा |
|---|---|
| तेस्रो तथा पाँचौं आह्वान अन्तर्गतका उपआयोजनाहरुको अन्तिम भुक्तानी तथा फरफारक गर्ने | २०७४ कार्तिक ३० गतेभित्र (कार्तिकभित्र सम्पन्न नभए औचित्यसहित पेश भएकोमा २०७४ पौष १६ गते सम्म) |
| चौथौ आह्वान अन्तर्गतका उपआयोजनाहरुको सम्पूर्ण कार्य सम्पन्न गरी भूक्तानी लिने | २०७४ पौष १६ गतेभित्र |

निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ